# आ.व. २०७९/०८० का नीतिहरू

नगरसभाबाट स्वीकृत मिति: २०७९।०३।०९ गते

## १. आर्थिक क्षेत्र

### क) कृषि सम्बन्धी नीतिहरू

**"सूर्योदय नगरपालिकाको समृद्धता: प्रांगारिक कृषि पर्यापर्यटन र आर्थिक समानता"**

१. नगरस्तरीय कृषि पार्श्वचित्र तयार गर्नको लागि किसानहरूको सूचीकरण एवं कृषक परिचय-पत्रलाई कार्यान्वयन गरिनेछ।

२. कृषि समूह र निजी सहकारी मार्फत प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम अगाडि बढाइनेछ।

३. उत्पादित कृषि उपज भण्डारको लागि उपयुक्त स्थानहरूमा संकलन केन्द्र विस्तार गरिनेछ।

४ प्रांगारिक कृषि उत्पादनको बिक्री वितरणका लागि संकलन केन्द्र विस्तार गर्ने आवश्यक कृषि सडक विद्यूत सिंचाई साना प्रकारका सीत भण्डार संकलन तथा बिक्री केन्द्र जस्ता पूर्वाधारको विकास गरिनेछ।

५. कृषकहरूलाई समूह वा सहकारीमा आबद्ध गराएर प्रादेशिक तथा संघीय कार्यक्रम सहकार्यमा संन्चालन गरिनेछ।

६. कफि खेतीको निम्ती सम्भाब्यता अध्ययन गरी कफिखेतीको नर्सरी तथा कफिखेती विस्तार गरिनेछ।

७. नगरपालिकाको नगदे बालीको रुपमा उत्पादन सम्भावना बोकेको अलैँची, अदुवा र बेसारको उत्पादन प्रशोधन र बजार प्रवर्द्धन गर्न पहल गरिनेछ।

८. इलामको लोप हुँदै गएको पुत्का संरक्षण सम्भाब्यता अध्यान र मौरीको महको उत्पादनमा जोड दिन कार्यक्रम ल्याइनेछ।

९. सिताके तथा कन्य च्याउमा आयात प्रतिस्थापन गरी निर्यात योग्य बनाईने छ।

१०. बेमौसमी तरकारी खेती प्रोत्साहन र प्रवर्द्धन गरिनेछ।

११. Post-Harvest पश्चात स्थानीय उत्पादनमा आधारित खाना परिकार बनाउन प्रोत्साहन गरिनेछ।

१२. खाद्यान्न बाली तथा तरकारीको उन्नत बीऊ उपयोग तथा वितरण गरिनेछ।

१३. बिपन्न तथा साना कृषकहरूको कृषि आयमा बृद्धि गरी गरिबी हटाउने नीति लिईने छ।

१४. आलु बालीको बीऊ तथा भण्डारमा आत्मनिर्भर बनाउन सहयोग गरिनेछ।

१५. प्रदेश तथा संघ सरकारसंगको समन्वयमा कृषि तथा तरकारी बालीमा पकेट ब्लक जोन कार्यक्रम विस्तार गरिदै लगिने छ।

१६. कृषकहरूलाई नबिनतम बीऊ तथा मल नबिनतम प्रविधि उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१७. कृषियोग्य भूमिको नियमित माटो परीक्षण गर्ने व्यवस्था गरिनेछ।

१८. संघ प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा स्थानीय बीऊ र रैथाने बाली संरक्षण र प्रवर्द्धन, नश्ल औजार प्रविधिको उत्पादन, भण्डारण व्यवस्थापन, यान्त्रिकीकरण, साना प्रशोधन केन्द्रहरूको निर्माण र बजारीकरणको विकास गरिनेछ।

१९. कृषि उपजको मूल्य श्रृखलामा सूचना प्रविधिलाई प्रोत्साहन गर्न आवश्यक प्रविधिलाई कार्यन्वयनमा ल्याइनेछ।

२०. समय सापेक्ष कृषकहरूको क्षमता विकास गर्नको निम्ति आवश्यक तालिम सचेतना जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२१. कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्ने नीति लिइनेछ।

२२. खाद्य स्वच्छता तथा गुणस्तरको अभिवृद्धि गर्ने नीति लिइनेछ।

२३. कृषि उत्पादनलाई विविधीकरण गर्ने नीति लिइनेछ।

२४. दिगो कृषि प्रवर्द्धनको लागि कृषि क्षेत्रको एकीकृत गुरुयोजना निर्माण गरिनेछ।

२५. सम्भाव्यता र आवश्यकताका आधारमा कृषि र पशुपंक्षी क्षेत्रमा एक वडा एक उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

२६. समग्र चियाको समस्यालाई समाधान गर्नको निम्ति हाल कार्यान्वयनमा रहेका चियाको गुणस्तरीय उत्पादन मापदण्ड कार्यविधि २०७५ लाई संघ प्रदेश र सम्पूर्ण सरोकारवालाहरूसंग छलफल र सहकार्य गरी आवश्यकतानुसार परिमार्जन/ थपघट गरी कार्यान्वयनमा ल्याइनेछ।

२७. चियाको गुणस्तर सुधारको कार्यक्रम सञ्चालन गरिनेछ।

२८. सूर्योदय नगरपालिकाभित्र जलवायु तथा भुगोलको आधारमा पुष्पखेती र व्यवसायलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ।

२९. जडीबुट्टी खेती तर्फ किसानलाई आकर्षित गर्ने नीति लिइनेछ।

३०. कृषि बाली बीमा कार्यक्रमलाई सरोकारवालाहरूसंग सहकार्य गरी सहजीकरण र सरलीकरण गरिनेछ।

३१. कृषि उत्पादनहरुमा भौगोलिक सूचक कायम गर्नक  लागि आवश्यक पहल गरिनेछ।

३२. किसानहरुको उत्प्रेरणाको विभिन्न कार्य सञ्चालन  गरिनेछ।

३३. फलफूल, डालेघाँस र अन्य  बोट विरुवाको  नर्सरी स्थापनामा सहयोग गरिनेछ।

३४. चिया तथा कृषि वालीमा प्रयोग हुने सन्तुलित रासायनिक मलको व्यवस्थापनलाई सहजीकरण गरिनेछ।

## ख) पशुपंक्षी सम्बन्धी नीतिहरू

१. दुधको उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. खोरेत रोग मुक्त नगरपालिका बनाउन आवश्यक कार्यहरू गरिनेछ।

३. पशुधनको सुरक्षा र जनस्वास्थ्य संरक्षणमा योगदान पुऱ्याउन विशेष पशुरोग (रेविज) नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

४. पशुपंक्षीजन्य उत्पादन क्षेत्र र सम्बन्धित उद्योग र व्यापारलाई प्रोत्साहन गरिनेछ।

५. हरियो घाँसमा आधारित पशु पालन व्यवसाय प्रवर्द्धन गरिनेछ।

६. ग्रामीण अर्थतन्त्रलाई टेवा पुर्याउन पशुपालन व्यवसायलाई विशेष ध्यान दिइनेछ।

७. मत्स्यपालन कार्यक्रमलाई व्यवसायिकीकरण गरिदै लगिनेछ।

८. स्वच्छ तथा स्वस्थ्य पशुजन्य पदार्थ उत्पादन गर्न पशु स्वास्थ्य सेवालाई सुदृढ गरिदै लगिनेछ।

९. पशु पालनमा हुने जोखिम न्यूनीकरण गर्न पशु बीमालाई प्रोत्साहन गरिनेछ ।

१०. गाईहरूलाई कृत्रिम गर्भाधानको लागि उन्नत (सेक्सड) सिमेन प्रयोगमा ल्याइनेछ ।

११. पशु पालन पेशालाई व्यवसायिकीकरण गर्न यान्त्रिकीकरणलाई विशेष प्राथमिकता दिइनेछ ।

१२. पशुपंक्षी जन्य उत्पादनको निम्ति कृषक समूह र सहकारीहरू सँग सहकार्य गरिनेछ ।

१३. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पकेट ब्लक जोन कार्यक्रमलाई सहकार्य र समन्वय गर्दै कार्यन्वयन गरिदै लगिनेछ ।

१४. भेडा पालन पेशालाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१५. कृत्रिम गर्भाधान सेवालाई विस्तार गर्न निजी कृत्रिम गर्भाधानकर्ताहरूसँग सहकार्य गरिनेछ ।

## ग) सिंचाई

१. नगर क्षेत्रभित्रका कृषि योग्य जमिनहरूमा सिंचाई सुविधा विस्तार गर्नको लागि संघ, प्रदेश र स्थानीय तहको साझेदारी र सहकार्यमा आयोजनाहरूको कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

२. साना सिंचाई क्षेत्रका आयोजना पहिचान, छनौट कार्यान्वयन, सञ्चालन र सेवाको लागि एकद्वार प्रणाली अवलम्वन गरिनेछ ।

३. कृषि उत्पादनको पकेट ब्लक क्षेत्रमा सिंचाईको प्रविधि सहितको व्यवस्था गर्ने नीति लिइनेछ।

४. उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिंचाई सेवा विस्तार गर्ने नीति लिइनेछ।

५. साना, मझौला तथा ठूला सिंचाई योजनाहरू पहिचान गरी सिंचाई योजना कार्यक्रम अगाडि बढाइनेछ ।

६. सिंचाई सुविधा प्राप्त क्षेत्रलाई सिंचित क्षेत्र घोषणा अनुसार अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ।

७. दिगो एवं भरपर्दो सिंचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति लिइनेछ।

८. सम्पन्न भएका सिंचाई योजनाहरूको मर्मत सम्भार, पुरानो नहर तथा कुलोहरूलाई व्यवस्थित गर्ने र मुहान संरक्षणको नीति लिइनेछ ।

९. सिंचाई विकासको योजना निर्माण गरी जलवायु परिवर्तन अनुकूल हुने गरी विस्तार गर्ने नीति लिइनेछ ।

## घ) उद्योग, वाणिज्य तथा व्यवसाय

**"उद्योगको विकास, स्वच्छ व्यापारः उचित मूल्य, गुणस्तरीय वस्तु उपभोक्ताको अधिकार"**

**"उपभोक्ता हित संरक्षणमा दिउँ ध्यान : सुरक्षित गरौं सम्पत्ती र जीउ ज्यान"**

१. नगर क्षेत्रभित्र सन्चालनमा रहेको सबै उद्योग तथा व्यवसायहरूलाई नगरमा सूचीकृत गरिने नीति लिइनेछ।

२. व्यवसायजन्य सुशासन र संरक्षण गर्न नगरभित्रको उद्योग तथा व्यवसायिक संघ, संस्थासँग सहयोग र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

३. रोजगारजन्य उद्योगहरू स्थापना गर्ने स्थानसम्म आधारभूत पूर्वाधार निर्माण गर्न सहजीकरण गरिनेछ ।

४. समूह सहकारी र व्यवसायिक फर्महरूलाई उच्च मूल्य तथा निर्यात योग्य उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ।

५. सरोकारवालाहरू सँग सहकार्य र समन्वयन गरी बजारहरू र उद्योग धन्दालाई अनुगमन गरिनेछ।

६. सहकारी उद्योगबाट उत्पादित बस्तु तथा सेवाको बजार प्रवर्द्धन गर्न पहल गरिनेछ ।

७. स्थानीय स्तरमा पाइने श्रोत साधन र कच्चा पदार्थमा आधारित लघु घरेलु तथा साना उद्योगहरूको स्थापना कार्यक्रमलाई प्राथमिकता दिइने नीति लिइनेछ ।

८. आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने उद्योग, व्यवसायलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने नीति रहनेछ ।

९. "चिनौँ आफ्नो माटो, बनाऔं आफ्नो देश" संघीय सरकारको अभियान अनुरुप नवप्रवर्तनकारी युवा तथा बैदेशीक रोजगारीबाट फर्किएका अनुभवी तथा सीपयूक्त उद्यमशील युवाहरूलाई उद्यम व्यवसाय सुरुवात गर्न अनुकूल वातावरणको सृजना गरिनेछ ।

१०. मूल्य श्रृङ्खलामा आधारित कार्यक्रमहरूमा लगानीमैत्री वातावरणको लागि बैङ्क तथा वित्तीय संस्थाहरूसँग पहल गरिनेछ ।

११. सूर्योदय नगरक्षेत्रभित्रका उद्यम गर्न चाहने साना कृषकहरूलाई विभिन्न वैङ्क तथा वित्तीय संस्थाहरूमा सुलभ कर्जाको लागि आवश्यक समन्वय तथा पहल गरिनेछ ।

१२. दुध र दुग्धजन्य उत्पादनलाई प्रशोधन र बजारीकरणमा सहयोग गरिनेछ ।

## ङ) पर्यटन तथा संस्कृति

१. विविध भाषा, कला, धर्म र संरक्षण सम्बर्द्धन गर्दै पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२. नगरभित्रको पर्यटकीय महत्वको स्थानहरूको व्यवस्थित विकास गर्दै सूर्योदय नगरपालिकालाई सर्वकालीन पर्यटकीय गन्तव्य स्थल (Touristic Land For All Seasons)को रुपमा विकास गरिदै जाने नीति लिइनेछ।

३. सम्भाव्यता अध्ययन गरी पैदल मार्ग तथा साइकल चलाउन योग्य Narrow हरित सडकको निर्माण गर्दै आम्दानी र रोजगार प्रवर्द्धन गर्दै लगिनेछ ।

४. ऐतिहासिक र पुरातात्विक महत्व बोकेका गुम्बाहरू, मठमन्दिर, चर्च, देउराली तथा अन्य धार्मिक र साँस्कृतिक, धरोहरहरूलाई संरक्षण गरी आकर्षकीय धार्मिक पर्यटन गन्तब्य स्थलको रुपमा विकास गर्दै लगिनेछ ।

५. गुणस्तरीय पर्यटन अभ्यास (Quality Tourism Practice) लाई कार्यान्वयन गर्ने नीति लिइनेछ ।

६. होटल, होमस्टे लगायत अन्य पर्यटकसंग सम्बन्धित संस्थाहरूको अनुगमन नियमनलाई थप व्यवस्थित गर्दै लगिनेछ।

७. पर्यटनको विकासको निम्ती पुरातात्विक तथा नवीनतम प्रविधिको प्रवर्द्धन गर्दै लगिनेछ ।

८. जैविक, सांस्कृतिक विविधता एवम् प्राकृतिक सौन्दर्यले भरिपूर्ण नगरको नयाँ पर्यटकीय गन्तब्यहरूको पहिचान संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ ।

९. नगरपालिकाको पर्यटकीय गन्तब्य स्थलहरूको राष्ट्रिय र अन्तराष्ट्रिय प्रचार प्रसार गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. सूर्योदय नगरपालिकामा चलचित्र छायाङ्कन, Selfie Post, Virtual Background स्थलहरूको विकास र प्रवर्द्धन गर्न पहल गरिनेछ ।

११. सूर्योदय नगरपालिका क्षेत्रभित्र राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका होटल तथा अन्य व्यवसाय स्थापना तथा सञ्चालन गर्न निजी, निजी सार्वजनिक साझेदारी या ठूला लगानीकर्ता आकर्षित गर्न पहल गरिनेछ।
१२. सूर्योदय नगरपालिकाको एकीकृत पर्यटन गुरुयोजना तर्जुमा गरिनेछ।
१३. ग्रामीण पर्यटन लाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाउन र फोहोरमैला व्यवस्थापन गर्न **सफा घर सुन्दर आँगन** अभियानको रुपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।
१४. पाहुनाहरूको मनोरञ्जनको लागि सामुदायिक होमस्टेहरूलाई अनिवार्य रुपमा सांस्कृतिक नृत्य देखाउनुपर्ने, मौलिक परिकार व्यवस्था गर्नुपर्ने गरी प्रोत्साहित गर्ने नीति ल्याइनेछ।
१५. पर्यटन उद्योगीहरूलाई कोभिड-१९ द्वारा परेको असरलाई न्यूनीकरण गर्ने संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी सहजीकरण गरिनेछ।
१६. सम्भाव्यता अध्यन गरी कृषि, पर्यापर्यटन, चिया पर्यटन, शैक्षिक पर्यटन तथा मौलिक पर्यटन जस्ता विषयक्षेत्रका पर्यटनको प्रोत्साहन र प्रवर्द्धन गर्ने नीति लिइनेछ।
१७. पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाउन **DIGITAL MARKETING PLATFORM** तयार गरिनेछ।
१८. सार्वजनिक निजी सहकारी साझेदारीको अवधारणा अनुरुप पर्यटन पूर्वाधारहरूको विकास बजारीकरण र प्रवर्द्धन गर्ने नीति लिइनेछ।
१९. नगर भित्रको पर्यटकीय गन्तव्य स्थलहरूको पहिचान विकास तथा विविधीकरण गर्ने नीति लिइनेछ।
२०. सूर्योदय नगरपालिकाक्षेत्रभित्र एक उपयुक्त स्थानको छनौट गरी पर्यटन सूचना केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

## च) सहकारी तथा गरिबी निवारण

## "सहकारी: दिगो विकासको आधार"

१. एक वडा एक विषयगत सहकारी संस्थाको नीति लिइनेछ।
२. नगर भित्रको सहकारी संस्थाहरूको सुशासन कायम गर्ने नीति लिइनेछ।
३. सूर्योदय नगरपालिकाभित्र रहेको सहकारीहरूको प्रवर्द्धन, व्यवस्थापन र क्षमता अभिबृद्धि प्रोत्साहन गर्ने नीति लिइनेछ।
४. सहकारी संस्थाहरूबाट उत्पादित वस्तुहरूको बजारीकरण गर्न सहजीकरण गरिनेछ।
५. अन्तर सहकारी संस्थाहरूबीच समन्वय तथा सहकार्यको वातावरणसृजना गरिनेछ।
६. उद्यम गर्न चाहने सहकारी संस्थाहरूलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने नीति लिइनेछ।
७. सहकारी संस्थाहरूलाई एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS)मा आबद्ध गरिनेछ।
८. सहकारी संस्थाहरूलाई स्वरोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने गरी कृषि,पशुपंछीपालन, घरेलु तथा कुटिर उद्योग, कालीगढ र सीप अभिवृद्धिका कार्यक्रम, कृषि उपज संकलन, हाट बजार व्यवस्थापन सञ्चालन गर्न गराउन प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।

९. सहकारीमार्फत विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने नीति लिइनेछ । साथै आम्दानीको निश्चित हिस्सा सहकारी संस्था वा कुनै संस्थामा वचत गर्नको लागि प्रोत्साहन गरिनेछ ।

१०. सहकारी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

११. सहकारी संस्थाहरूको प्रभावकारी नियमनको लागि एकीकृत अनुगमन प्रणालीको विकास गरिनेछ ।

१२. गरिबी निवारणको लागि लघु उद्यमशिलता विकास र सीप विकास कार्यक्रमहरू साझेदारी, सहकार्य र समन्वयमा सञ्चालन गर्ने नीति रहनेछ ।

१३. विभिन्न सीप विकास तालिम लिएका रोजगारमूलक कार्यक्रममा सहभागी भएका बैदेशिक रोजगारबाट फर्किएर उद्यम सञ्चालन गर्न चाहने साथै बेरोजगार बसेको यूवाहरूलाई एकल वा सामूहिक उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ।

१४. दिगो लघु उद्यम सञ्चालन, प्रोत्साहन र प्रवर्द्धन गर्न उद्यम विकास कोषको परिचालनलाई निरन्तरता दिइनेछ ।

१५. गत विगत वर्षहरूमा संचालित गरिबी निवारणको लागि उद्यम विकास कार्यक्रमहरूलाई पुनर्ताजगी तालिम तथा रोजगारसँग जोड्ने नीति लिइनेछ ।

१६. गरिबी निवारण सम्बन्धी स्थानीय नीति तथा पहिचानको मापदण्ड तयार गरी दिगो विकास लक्ष्यका पाँच स्तम्भ र सत्र लक्ष्यहरू प्राप्त गर्न सक्ने कार्यक्रमहरू सन्चालन गरिनेछ ।

१७. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्यमीहरूलाई उपयुक्त प्रविधि हस्तान्तरण गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नुका साथै प्रविधिमैत्री बनाउने नीति लिइनेछ।

१८. यूवा उद्यमशीलता विकास तथा औद्योगिक जनशक्ति सीप विकासका विभिन्न तालिम तथा कार्यक्रमहरू सन्चालन गर्ने नीति लिइनेछ।

१९. नगर क्षेत्रमा रहेका विभिन्न समूहहरूलाई सहकारिताको माध्यमबाट शहरी गरिबी न्यूनीकरण एवं सामाजिक पूँजी निर्माणमा जोड दिइने नीति लिइनेछ ।

२०. परम्परागत रूपमा सञ्चालनमा रहेका लघु, घरेलु उद्यमी, व्यक्ति र समूहहरूको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ।

२१. गरीबि पहिचान गर्ने एंव गरीव लक्षित कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।

२२. वित्तीय साक्षरता कार्यक्रम मार्फत गरिबी न्यूनीकरण र सामाजिक उद्यमशीलता विकास गर्ने नीति लिइनेछ।

## छ) श्रम तथा रोजगारी

**"गरिबी न्यूनीकरण र जीवनस्तरमा सुधार : उत्पादनशील रोजगारी समृद्धिको आधार"**

१. गरिबी न्यूनीकरणका लागि आन्तरिक रोजगारी सिर्जना गर्दै सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, सहकारी तथा निजी क्षेत्रहरूबीच समन्वय, संयोजन र सञ्चारलाई प्रभावकारी बनाउँदै रोजगारीको क्षेत्र विस्तार गरी रोजगारीको अवसरमा वृद्धि गर्न एकीकृत प्रयास गरिनेछ।

२. आन्तरिक श्रम बजारको अवस्था, स्थानीय रोजगारीको अवस्था, आवश्यक सीप तथा क्षमता विस्तारको आवश्यकता आदि क्षेत्रमा विभिन्न अध्ययन गरी श्रमिकको माग र आपूर्तिको प्रोफाईल बनाइनेछ र दिगो, समावेशी, मर्यादित एवं व्यवस्थित स्थानीय श्रम बजारको सुनिश्चितता गरिनेछ।

३. नगरपालिका क्षेत्रमा रहेका संगठित उद्योगधन्दामा कार्यरत कामदारहरूका लागि प्रचलित कानूनले तोकेको न्यूनतम ज्याला दर लागू गर्ने/गराउने नीति लिइनेछ।

४. नगर क्षेत्रमा रहेका संगठित र असंगठित क्षेत्रमा रहेका शारीरिक श्रम गर्ने मजदुरहरूलाई परिचयपत्र प्रदान गर्न आवश्यक अध्ययन गरिनेछ।

५. श्रमिकहरूलाई सामूहिक दुर्घटना बीमा कार्यक्रममा आवद्ध गराउन पहल गरिनेछ।

६. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी काम गर्ने उमेरका स्थानीय युवाहरूलाई स्वरोजगार बन्न एवं श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गरिनेछ ।

७. नगरपालिकाका विभिन्न योजना तथा सार्वजनिक विकास निमार्णका कार्यहरूमा श्रममूलक प्रविधिको उपयोगलाई प्राथमिकता दिँदै रोजगार सेवा केन्द्रमा सूचीकृत स्थानीय बेरोजगार व्यक्तिहरूलाई रोजगारी उपलब्ध गराईनेछ ।

८. विभिन्न सीप तथा श्रममा आवद्ध सीपयुक्त तथा दक्ष नेपाली नागरिक श्रमिकहरूको पहिचान गरी सूचीकृत गरिने नीति लिइनेछ र थप दक्ष तथा सक्षम जनशक्ती विकास गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी सूचीकृत बेरोजगार व्यक्तिहरूलाई तालिम दिने व्यवस्था गरिनेछ ।

९. बैदेशिक रोजगारी बाट फर्किएका र रोजगारी गुमाएका युवाहरूलाई स्वरोजगारमूलक, व्यवसायिक तथा उद्यमशील कार्यमा संलग्न गर्न/ गराउन सीप तथा क्षमता अभिवृद्धि, प्राविधिक तथा आर्थिक र अन्य पूर्वाधारजन्य विकास सहायताका लागि आवश्यक पहल गरिनेछ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना जस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी ढंगबाट सञ्चालन गर्न आवश्यक निर्माण सामाग्री, औजार तथा श्रमिक सुरक्षा सामाग्रीहरू खरिद गर्न बजेटको व्यवस्था गरिनेछ ।

११. रोजगार सेवा केन्द्रको थप सुदृढीकरण गर्दै रोजगार सूचनाको प्रवाह तथा परामर्श मार्फत प्रभावकारी रोजगार सेवा उपलब्ध गराईनेछ।

१२. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र दक्षतायुक्त बनाउने नीति लिइनेछ ।

१३. दिगो, समावेशी, मर्यादित एवं व्यवस्थित श्रम बजारको सुनिश्चितता गर्न पहल गरिनेछ ।

१४. स्थानीय पूर्वाधार निर्माणका आयोजनाहरूमा स्थानीय श्रम र सीपलाई उपयोग गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१५. व्यवसायिक तथा सीप विकास तालिम कार्यक्रमहरूलाई श्रम बजारको आवश्यकता अनुरुप बनाई कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. वैदेशिक रोजगारबाट प्राप्त ज्ञान सीप र अनुभवलाई प्रमाणिकरण गरी उद्यमशिलता विकासमा उपयोग गरिनेछ।

१७. श्रमिकको न्यूनतम ज्याला र व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डको कार्यान्वयनका लागि आवश्यक समन्वय र पहल गरिनेछ।

## २. सामाजिक क्षेत्र

### क) स्वास्थ्य तथा पोषण

**"स्वास्थ्य बीमा, निशुल्क उपचार : आधारभूत स्वास्थ्य, जनताको अधिकार"**

१. नगरवासीहरूको गुणस्तरीय स्वास्थ्य सेवामा सर्वब्यापी पहुँच बढाउँन र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगर क्षेत्रभित्र आधारभूत अस्पताल सञ्चालनमा ल्याउँन भवन निर्माण कार्यलाई तिब्रता दिने साथै हाल सञ्चालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र, फिक्कललाई आधारभूत अस्पतालको रुपमा स्तरोन्नती गर्ने नीति लिईनेछ।

२. नगर भित्र सञ्चालनमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूबाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरूको गुणस्तर सुधार गर्ने तथा स्वास्थ्य सेवाहरू थप गर्ने नीति लिईनेछ।

३. स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण सम्पन्न गरी यथाशीघ्र सेवा सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै जाने नीति लिईनेछ।

४. नगरवासीहरूले आधारभूत स्वास्थ्य सेवा पाउने अधिकारलाई स्थापित र सुनिश्चित गर्न उपलब्ध श्रोत र साधनको अधिकतम प्रयोग गरी सम्पूर्ण वडाहरूमा सामुदायिक स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्दै आधारभूत स्वास्थ्य सेवामा जनताको अधिकार सुनिश्चित गर्दै लगिनेछ।

५. सबै नगरवासीहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्दै लगिने नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ।

६. हाल सञ्चालनमा रहेका स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्रमा बाह्रै महिना स्वीकृत दरबन्दी अनुसारको दक्ष जनशक्ति,अत्यावश्यक निःशुल्क वितरण हुने औषधी, औजार, उपकरण तथा स्वास्थ्य सूचना प्रणालीसँग सम्बन्धित सामग्रीहरू अभाव हुन नदिन प्रबन्ध मिलाई सम्पूर्ण सामुदायिक स्वास्थ्य संस्थाहरू प्रविधीमैत्री बनाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ।

७. कोभिड-१९ तथा अन्य महामारीजन्य रोग एवम् विपद्को सामना गर्न आवश्यक भौतिक संरचना निर्माण गर्दै लगिनेछ,वडा स्तरमा CRRT तथा नगरस्तरीय MRRT टिम गठन साथै कार्ययोजना बनाई लागू गरिनेछ।

८. कोभिड-१९ माहामारी रोगको रोकथाम तथा नियन्त्रण गर्न संक्रमण अनुसन्धान तथा खोजपड्ताल समूह(CICT) परिचालन गरिनेछ तथा कोभिड-१९ खोपको उपलब्धताको लागि प्रदेश तथा संघीय सरकारसंग सहकार्य र समन्वय गर्दै जाने नीति अवलम्वन गरिनेछ।

९. सीमा क्षेत्रमा रहेका हेल्थ डेस्क बाट प्रदान गर्ने स्वास्थ्य सेवा सुविधा गुणस्तरीय बनाउन आवश्यक स्वास्थ्यकर्मी र भौतिक संरचनाको व्यवस्थापनमा संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गर्दै जाने नीति लिईनेछ ।

१०. निजी क्लिनिक, अस्पताल, ल्याव तथा स्वास्थ्य संस्थाहरूको सञ्चालन मापदण्ड अनुसार भए नभएको नियमित अनुगमनलाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

११. गर्भवती तथा सुत्केरी महिला लाई Folic Acid र Calcium वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. एम्बुलेन्स परिचालन तथा व्यवस्थापनलाई सुदृढीकरण गर्ने नीति लिईनेछ ।

१३. सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यनरत छात्राहरूमा रक्त अल्पताको जोखिम न्यूनीकरण गर्न वार्षिक रुपमा २ पटक ( १०-१९) उमेर समूहका किशोरीहरूलाई Iron and Folic Acid वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. स्वास्थ्य क्षेत्रमा कार्य गर्ने चिकित्सक,स्वास्थ्यकर्मी , महिला स्वास्थ्य स्वयम् सेविका तथा अन्य कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि तालिम, सेमिनार , गोष्ठी सञ्चालन गरी दक्ष जनशक्ती उत्पादन गरिनेछ, महामारीजन्य रोग विरुद्ध काम गर्ने कर्मचारीहरूलाई प्रोत्साहन / जोखिम भत्ता प्रदान गरिनेछ ।

१५. आयुर्वेद औषधालयहरूलाई आवश्यक सहयोग तथा समन्वय गरी सेवा प्रवाहमा सुधार ल्याईनेछ ।

१६. नगरपालिकाको विभिन्न वडाहरूमा रहेका वडा कार्यालय,स्वास्थ्य संस्था, विद्यालय, स्थानीय पत्र-पत्रिका/ एफ.एम मार्फत स्वास्थ्य सम्बन्धी बृहत जनचेतनामूलक स्वास्थ्य सन्देश प्रवाह गरिनेछ।

१७. हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारहरूलाई आवश्यक मर्मत संभार गरी बालमैत्री, अपाङ्गतामैत्री, किशोर-किशोरीमैत्री र पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा बढोत्तरी गर्ने नीति लिईनेछ ।

१८. सुरक्षित प्रसूतीका लागि दक्ष प्रसूतीकर्मीबाट सेवा दिने व्यवस्था मिलाईने साथै घरैमा हुने जोखिमपूर्ण सुत्केरीलाई शून्यमा झार्ने नीति लिईनेछ ।

१९. सबै स्वास्थ्य संस्थाहरूमा वैकल्पिक उर्जाको व्यवस्था गर्ने नीति लिईनेछ ।

२०. बहुक्षेत्रीय पोषण कार्यक्रमको अवधारणा कार्यान्वयन गरी लक्ष्य हासिल गर्न न्यून पोषण स्थिति भएका लक्षित समूहमा पर्ने महिला, किशोर-किशोरी तथा वालवालिकाहरूको पोषण स्थितिमा सुधार ल्याउँन पोषण विशेष र पोषण संवेदनशील कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य सम्बन्धी समस्याहरूको रोकथाम, न्यूनीकरण तथा उपचार साथै मदिरा तथा लागू औषध दूर्व्यसनीबाट उत्पन्न समस्याहरूको व्यवस्थापन तथा उपचार गर्ने नीति लिइनेछ ।

## ख) शिक्षा, भाषा, कला तथा साहित्य

### "गुणस्तरीय प्राविधिक र व्यावहारिक शिक्षा : नैतिकवान र सक्षम जनशक्ती उत्पादन हाम्रो आकाङ्क्षा"

१. नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन तथा नियमावली, २०७६ तथा सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली, २०७७ लागू गर्ने तथा प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा (गुरुकुल, गुम्बा, आदि) निरन्तर सिकाई तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमनलाई निरन्तरता दिइनेछ।

२. शिक्षालाई प्राविधिक वैज्ञानिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी र नैतिकवान जनशक्ती निर्माण गर्ने सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. औपचारिक शिक्षाबाट बञ्चित नागरिकका लागि अनौपचारिक शिक्षाको प्रबन्ध गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षाको योजना तर्जुमा, सञ्चालन तथा नियमन गरिनेछ, साथै औपचारिक शिक्षाबाट बञ्चित नागरिकका लागि अनौपचारिक शिक्षाको प्रवन्ध गर्दै लगिनेछ।

४. नगरभित्रका विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकूद, भाषिक, साहित्यिक कला, सङ्गीत, साँस्कृतिक पक्ष, हाजिरीजवाफ आदि जस्ता कार्यक्रमहरू प्रतियोगितात्मक रुपमा सञ्चालन गर्न  बाह्र महिनाका बाह्र कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

५. विद्यालयको वर्गीकरण नक्साङ्कन अनुमति, स्वीकृति, कक्षा थप गर्ने प्रक्रिया तथा समायोजन र नियमन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

६. सामुदायिक विद्यालयहरूको शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको कार्यलाई प्राथमिकताको आधारमा गरिनेछ।

७. शैक्षिक परामर्श सेवा सञ्चालन र नियमन गरिनेछ।

८. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय नियमन गरिनेछ साथै गुठीद्वारा सञ्चालित विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने गराइनेछ।

९. सार्वजनिक स्थल तथा सामुदायिक विद्यालयमा पुस्तकालय, वाचनालय, सामुदायिक अध्ययन केन्द्र सञ्चालन, व्यवस्थापन र नियमन गरिनेछ।

१०. बौद्धिक रुपमा अपाङ्गता भएका बालबालीकाका लागि श्रोत केन्द्र सञ्चालन गरी पठनपाठनको व्यवस्था मिलाईनेछ। हिंसा पीडित, बहिस्कृत फरक क्षमता भएका व्यक्तिहरूलाई प्राविधिक शिक्षा दिने प्रवन्ध गरिनेछ।

११. विद्यालयहरूमा प्रविधि विकासका लागि उचित व्यवस्था गरिनेछ।

१२. विद्यालयलाई नमूना विद्यालयको रुपमा अगाडि बढाउने कार्यलाई निरन्तरता दिन फिक्कल माध्यमिक विद्यालयमार्फत अनुभव र तालिम सञ्चालन गरी अन्य विद्यालयमा कार्यक्रम विस्तार गरिनेछ साथै

करफोक विद्या मन्दिर माध्यमिक विद्यालयलाई नगरको नमूना विद्यालयको रुपमा विकास गर्न राष्ट्रिय योजना आयोग (सङ्घीय सरकारको विशेष अनुदान) र नगरको साझेदारीमा थप कार्यक्रम अगाडि बढाइने छ।

१३. विद्यालय स्तरदेखि नै मानसिक स्वास्थ्य, मनोसामाजिक तथा साँस्कृतिक ज्ञान प्रदान गर्ने व्यवस्थाका लागि पहल गरिनेछ।

१४. सामुदायिक विद्यालयमा आधारभूत कक्षा १-८ मा अभिभावक गुमाएका तथा अन्य संरक्षकको आवश्यकता पर्ने विद्यार्थी तथा मा.वि. तहमा अध्ययनरत डेरा गरी बस्नुपर्ने स्थितिका विद्यार्थीहरूलाई आवासीय छात्रवृत्ति उपलब्ध गराइने छ। साथै एस.इ.इ. उत्तीर्ण गरेका गरिब जेहेन्दार विद्यार्थीका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

१५. शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरूको सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।

१६. राम्रो अभ्यास तथा उत्कृष्ट कार्य र सिकाई उपलब्धी हासिल गर्ने आधारभूत तथा माध्यमिक विद्यालय तथा काम गर्ने शिक्षक, बाल शिक्षक, निजी स्रोतका शिक्षक र कर्मचारीहरूलाई वार्षिक रुपमा छनौट गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७. शिक्षकहरूलाई विषयगत अध्ययन र सीपहरूको बीच प्रतिस्पर्धा गराई पुरस्कारको व्यवस्था गर्ने नीति लिइनेछ।

१८. नगरभित्र सामुदायिक विद्यालयबाट SEE परीक्षा तथा कक्षा १२ को परीक्षामा A+ ग्रेड ल्याई उत्तीर्ण हुने गरिब तथा जेहेन्दार विद्यार्थीहरूको निम्ति छात्रवृत्तिको व्यवस्था गरिने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि गरिब विपन्न परिवारका जेहेन्दार विद्यार्थीलाई निश्चित मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ।

१९. नगरभित्र विद्यालय जाने उमेर समूहको बालबालीकाहरू विद्यालय जान नसक्नुको अवस्थालाई हेरी आर्थिक संरक्षण सहित सबै किसिमको सहयोग उपलब्ध गराउने तथा द्वन्द्व, पारिवारिक द्वन्द्व, प्राकृतिक प्रकोप वा समस्यमा परेका बालबालीकाको शिक्षाको हक सुनिश्चितताका लागि पोसाक, शिक्षण सामग्री लगायतको सम्पूर्ण व्यवस्था गरी विद्यालयमा ल्याउने नीति लिइने छ।

२०. कक्षा १-८ को स्थानीय पाठ्यक्रम बमोजिम कक्षा १-५ को पाठ्यपुस्तक सबै विद्यालयमा लागू गरिने, पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रबोधीकरण गरिने तथा ६-८ को पाठ्यपुस्तक विकास गरी क्रमश लागू गरिनेछ।

२१. कक्षा ८ सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह कक्षा १० सम्मको शिक्षा निशुल्क दिने र कक्षा १२ सम्मको शिक्षालाई क्रमश निशुल्क बनाइने छ।

२२. न्यून वेतन भएका बाल शिक्षक र विद्यालय कर्मचारीहरूलाई श्रम ऐन अनुसार तलब भत्ता (पारिश्रमिक) उपलब्ध गराउने तथा माध्यमिक तहका लेखा कर्मचारीका लागि थप प्रोत्साहन अनुदान उपलब्ध गराइने तथा शिक्षण अनुदानमा रहेका शिक्षकका लागि थप प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

२३. हरेक माध्यमिक विद्यालयमा विद्यालयको संस्थागत सुधारका लागि विद्यालय विद्यार्थी परिषद् स्काउटिङ र जुनियर रेडक्रस सर्कल, पूर्व विद्यार्थी मञ्चको स्थापना र सञ्चालन तथा सबै विद्यालयमा बाल क्लबको गठन र सञ्चालन गरिनेछ ।

२४. गणित, अङग्रेजी र विज्ञान शिक्षकहरूको समूह बनाइ गणित, अङग्रेजी र विज्ञान विषयको गुणस्तर सुधारका लागि थप कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. हरेक विषयका रोष्टर प्रशिक्षकको चयन गरी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिने तथा ती रोष्टर प्रशिक्षक मार्फत विषयगत रुपमा देखिएका शैक्षिक समस्या समाधान गर्न शिक्षकहरूलाई सहयोग शैक्षिक सुपरीवेक्षणको वैज्ञानिक पद्धति अनुकूल कार्य गर्दै लगिने छ।

२६. विद्यालयको आर्थिक कार्य प्रणालीलाई पारदर्शी तथा विद्यालयको आन्तरिक सुशासन प्रवर्द्धन गर्न न.पा.बाट आ.ले.प. गर्ने तथा शैक्षिक प्रगति र वित्तीय उपलब्धी आवधिक रुपमा सार्वजनिक गर्ने पद्दतिको विकास गरिने तथा सामुदायिक विद्यालयहरूको आर्थिक लेखा सम्बन्धी कार्यविधि बमोजिम नियमनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

२७. "गणितसंग खेलौ, गणितीय धारणा बसाऔँ" भन्ने नाराका साथ कक्षा ८,९ र १० मा अध्ययनरत विद्यार्थीका लागि ४ महिनाका लागि प्रति विद्यार्थी मासिक ३ वटा गणित अभ्यास पुस्तिका वितरण गरी गणित विषयको सिकाई उपलब्धि वृद्धि गर्ने नीति लिइने छ ।

२८. गणित खेलेर सिकौँ, गणितीय धारणा बसाऔँ" भन्ने नाराका साथ वैज्ञानिक सोच र धारणाको समेत विकास गर्न तथा गणितीय धारणालाई सहज रुपमा विकास गर्न विज्ञान र गणित विषयमा स्वच्छ प्रतिस्पर्धा गराई यी विषयलाई बढी प्रयोगात्मक रुपमा लिन विज्ञान तथा गणित विषयको प्रतिस्पर्धात्मक प्रदर्शनी गरिनेछ ।

२९. "सूर्योदय नगरपालिकाको इच्छा : छोरी बुहारीलाई शिक्षा" भन्ने अभियानलाई अगाडि बढाई स्नातक तहमा अध्ययन गर्ने छोरी बुहारीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

३०. शैक्षिक तथ्याङ्क सहितको फ्लास रिपोर्टलाई स्थानीयकरण गरिनेछ। नगरभित्र MEMIS स्थापना गरिनेछ।

३१. नगर क्षेत्रमा रहेका निजी विद्यालयहरूको पेशागत संस्थासँग सहकार्य गरी विपन्न बालबालीकाहरूलाई संस्थागत विद्यालयमा नि:शुल्क अध्ययन गर्ने अवसर सृजना गरिनेछ ।

३२. नगरक्षेत्रभित्र बोलिने मातृभाषाको अध्ययन गरी शब्दकोष निर्माण पाठ्यसामग्री लेखन तथा पठनपाठनको व्यवस्था गर्दै लगिनेछ ।

३३. संस्थागत विद्यालयहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

३४. आधारभूत तथा माध्यमिक विद्यालयसँग समाहित भई सञ्चालित बाल विकास केन्द्रमध्ये छनोटमा पर्न सफल भएका बाल विकास केन्द्रलाई एकीकृत पूर्वप्राथमिक नमूना बाल विकास केन्द्रको रुपमा सञ्चालन गर्ने नीति लिइनेछ । साथै बाल कक्षामा धैरै विद्यार्थी भएका बाल विकास सहजकर्ता नभएका

तर निजी स्रोतबाट बाल कक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयहरूमा बाल शिक्षक व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ।

३५. सूर्योदय नगरभित्र सञ्चालित आधारभूत तथा माध्यमिक विद्यालय तहका शिक्षकहरूलाई प्रविधि मैत्री बनाउन समयानुकूल तालिमको व्यवस्था गर्दै लगिनेछ।

३६. नगरक्षेत्र भित्र सञ्चालित सामुदायिक माध्यमिक कम्तीमा एक विद्यालयमा आ.ब.०७९/०८० मा कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन अध्यापन कार्य थालनी गरिनेछ।

३७. मेयर शिक्षा सुधार कोष स्थापना गरी विद्यालयको शैक्षिक पूर्वाधारको विकास गर्ने तथा सूर्योदय नगरभित्र रहेका आधारभूत विद्यालयहरू तथा जेहेन्दार उत्कृष्ट विद्यार्थीहरूलाई विशेष छात्रवृत्ति कार्यक्रम थप विद्यालयमा समेत विस्तार गर्दै लगिनेछ।

३८. MGML कक्षा शिक्षण सिकाईलाई अन्य सामुदायिक विद्यालयहरूमा पनि विस्तार गर्दै लगिनेछ।

३९. सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने बालबालीकाहरूका अभिभावकहरूले उनीहरू अध्ययन गर्ने विद्यालयमा एक शैक्षिक सत्रमा कम्तीमा चार पटक विद्यालयमा अनिवार्य उपस्थित भई आफ्नो बालबालीकाको पृष्ठपोषण लिने नीति लिइनेछ साथै बिद्यार्थी अभिभावक परिचयपत्रको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ।

४०. सामुदायिक विद्यालयमा कक्षा, तह, विषय, र विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको दरवन्दी मिलान गरिनेछ। शिक्षकहरूको कार्य सम्पादन र विद्यार्थी सङ्ख्याको अवस्था हेरी शिक्षकहरूलाई शैक्षिक सत्र मिल्ने गरी आवधिक सरुवा व्यवस्था लागू गरिने र शैक्षिक सत्रको बीचमा सरुवा गर्ने कार्यलाई निरुत्साहित गर्दै लग्ने कार्यलाई निरन्तरता दिइनेछ।

४१. प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि न्यूनतम मापदण्ड तोकी लागू गरिनेछ।

४२. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक र शिक्षकसँग गरिने कार्यसम्पादन करारका सूचकलाई ब्यवस्थित गरिने, लक्ष्य र उपलब्धिको मापन गर्ने प्रणाली अवलम्बन गरिनेछ।

४३. विविध कारणवश विद्यालय भर्ना हुन नसकेको तर निजी रुपमा अध्ययन गरेको व्यक्तिलाई सम्बन्धित वडाले गरेको सिफारिसको आधारमा निजको क्षमता र स्तरको जाँच परीक्षण गरी विद्यालयले मापदण्ड बनाई कक्षा ८ सम्म भर्ना परीक्षा दिन पाउने आवश्यक व्यवस्था गरिनेछ।

४४. "भावी पूस्ताको प्रकृति, पर्यावरण र प्राकृतिक श्रोतको उपयोगको अधिकार: वर्तमान पुस्ताबाट उपहार" भन्ने नारालाई साकार पार्न आ.व. ०७९/८० मा कक्षा १०, SEE परीक्षा, ११ र १२ कक्षाको परीक्षामा उत्तीर्ण हुने विद्यार्थीहरूले विद्यालयमा ग्रेडसिट मार्कसिट र चारित्रिक प्रमाण पत्र लिन जानुपूर्व कम्तीमा १० वटा वृक्षारोपण अनिवार्य गर्नुपर्ने नीतिलाई निरन्तरता दिईनेछ।

४५. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण गर्ने नीति लिइनेछ।

४६. यस अगाडि भौतिक निर्माण भएका बिद्यालयहरूको भौतिक भवन, शौचालय, कक्षाकोठा आदिको अपाङ्ग मैत्री संरचनाको व्यवस्थापन गर्दै लगिने र अब निर्माण हुने हरेक भौतिक संरचना अपाङ्ग मैत्री बनाउने नीति लिइने छ।

४७. कक्षा १ मा भर्ना हुने उमेर समूहका सबै बालबालीकालाई विद्यालयमा भर्ना गर्ने, सबै बालबालीकालाई कक्षा ८ सम्मको शिक्षा पूरा गराउने, पूर्व प्राथमिक उमेर समूहका सबै बालबालीकालाई पूर्व प्राथमिक शिक्षामा भर्ना गरी सबैलाई पूर्व प्राथमिकको अनुभव सहित कक्षा १ मा भर्ना गराउने नीति लिइने छ।

४८. श्री करफोक विद्या मन्दिर माध्यमिक विद्यालयमा सञ्चालित सुस्त श्रवण विद्यालयमा दक्ष जनशक्ती व्यवस्थापन गरी विशेष क्षमता भएका बालबालीकाको सिकाईमा प्रोत्साहन गरिनेछ।

४९. कोभिड -१९ को प्रकोपबाट शिक्षा क्षेत्र र सिकाईमा परेको क्षति न्यूनीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५०. नगरभित्रका महिला तथा दलित जनजाति लोपोन्मुख समुदाय र अन्य समुदायका गरिब जेहेन्दार विद्यार्थीका लागि शिक्षकसेवा आयोग र अध्यापन अनुमति तयारी तथा अन्य प्रशिक्षण कार्यक्रम सञ्चालनको निम्ति व्यवस्था गरिनेछ।

५१. दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना अन्तर्गत इन्स्योरहेल्बेटास नेपालको सहकार्यमा सामुदायिक विद्यालयको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीका लागि वृत्ति परामर्श (Career Guidance) कार्यक्रम सञ्चालन गरिनेछ।

५२. भाषा, साहित्य कला र सङ्गीतको विकासमा योगदान पुर्याउन नगर साहित्य कला तथा सङ्गीत प्रतिष्ठान मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५३. नगर क्षेत्रभित्रका भाषा, साहित्य, कला र सङ्गीत क्षेत्रमा लामो समयसम्म कार्य गरिरहेका प्रतिभाहरूको वार्षिक मूल्याङ्कन गरी पुरस्कृत गरिनेछ।

५४. भाषा, साहित्य कला र सङ्गीतसँग सम्बन्धित विषयका सामग्रीहरू तथा पुराना भेषभुषा, सामग्री, प्रविधि आदिको खोज अनुसन्धान गरी संरक्षण गर्ने र उपयुक्त कुरा हस्तान्तरण गर्ने गरी सङ्ग्राहलय स्थापना गर्ने नीति लिइनेछ।

५५. नगर क्षेत्रभित्रको भाषा, साहित्य, कला र सङ्गीतको इतिहासको खोजी गरी स्मारिका प्रकाशन गरिनेछ।

५६. भाषा, साहित्य कला र सङ्गीतसँग सम्बन्धित पुरातात्विक, ऐतिहासिक चिज, वस्तु, स्थलहरूको संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइनेछ।

५७. नगर क्षेत्रभित्रका विभिन्न भाषा, साहित्य, कला सङ्गीत क्षेत्रसँग सम्बन्धित, सङ्घ संस्थासँग सहकार्य गरी साहित्य, कला सङ्गीत क्षेत्रसँग सम्बन्धित युवा प्रतिभाहरूसँग समेत सहकार्य गरी विभिन्न रचनात्मक कार्य गरिनेछ।

५८. विद्यालयमा भाषा, साहित्य कला तथा सङ्गीत विधाका फोकल शिक्षक तोकी विद्यालय स्तरमा विविध कार्यक्रम सञ्चालन गरिनेछ।

५९. नगर भित्रका सांस्कृतिक महत्वका विषयवस्तुको संरक्षण र सम्बर्धन गर्न सांस्कृतिक महत्वका विषय क्षेत्रमा कार्य गर्ने व्यक्तिहरू तथा सङ्घ संस्थासँग सहकार्य गर्ने नीति लिइने छ।

६०. नगर क्षेत्र भित्र बोलिने भाषाहरूको संरक्षण, सङ्कलन गर्नका लागि बहुभाषिक कविता, गीत, कथा, नाटक लगायतका विविध विधाहरूसंग सम्बन्धित बहुभाषिक क्रियाकलाप सञ्चालन गर्ने नीति लिइनेछ।

६१. भाषाशास्त्री महानन्द सापकोटा, स्वामी सोमेश्वरानन्द लगायतका व्यक्तित्वहरूको अध्ययन अनुसन्धान गर्ने र प्राप्त उपलब्धिलाई संरक्षण र हस्तान्तरण गर्ने नीति लिइने छ ।

६२. नगर साहित्य, कला, सङ्गीत प्रतिष्ठानले नेपाल प्रज्ञा प्रतिष्ठान, गायन क्षेत्र, नाट्य रङ्गमञ्च क्षेत्रका विविध सङ्घसंस्थासँग सहकार्य गरी अगाडि बढ्ने नीति लिइने छ ।

६३. हस्तकला, चित्रकला, मूर्तिकला, धातुकला लगायतका कलासँग सम्बन्धित क्रियाकलापसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।

६४. भाषा, साहित्य, कला, दर्शन, आदि क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूको योगदानको समेत सम्मान हुने गरी शालिक तथा पार्क निर्माण गर्ने नीति लिइनेछ ।

६५. नगर साहित्य तथा कला सङ्गीत प्रतिष्ठानको छुट्टै कार्यालय व्यवस्थापन /भवन निर्माण गरी पुस्तकालय, सङ्ग्रहालय आदिको व्यवस्था गर्ने नीति लिइनेछ ।

६६. नगर क्षेत्रभित्रका सङ्गीत तथा नाट्य र साहित्य विधासँग सम्बन्धित प्रतिभाहरूको खोज गरी प्रशिक्षण दिइने तथा प्रशिक्षक प्रशिक्षण उत्पादन गर्दै लगिनेछ ।

६७. सूर्योदय नगर चिनारी, नगरको वार्षिक साहित्य सङ्ग्रह, नगरका बालबालीकाको प्रतिभा स्मारिका, युवा तथा जेष्ठ नागरिकको सिर्जना सङ्ग्रह जस्ता सामग्रीहरूको निर्माण र प्रकाशन गरिनेछ ।

६८. लोपोन्मुख लेप्चा समुदायको भाषा, संस्कृति र सभ्यतालाई प्रवर्द्धन गर्दै लगिनेछ ।

## ग) खानेपानी तथा सरसफाई

**"जलस्रोत संरक्षणको अभियान मानव जीवनको पहिचान"**

१. समुदायले प्रयोग गरीरहेको खानेपानीको मुहान कसैको नम्बरी /आवादी भित्र नै परेपनि वडा समिति वा नगर कार्यपालिकासँग वैकल्पिक व्यवस्था नगरी स्वीकृति नलिई मास्ने, बेच्ने वा निषेध गर्न पूर्ण प्रतिबन्ध लगाइनेछ ।

२. विगत समयदेखि सामुहिक रुपमा सञ्चालनमा रहेका खानेपानीका मुहान तथा स्रोत सामुहिक/सार्वजनिक प्रयोगमा कसैले पनि अवरोध गर्न पाउने छैन । यदि कसैले अवरोध गरेमा त्यस्तो कार्य दण्डनीय हुने नीति अवलम्बन गरिनेछ ।

३. नगर क्षेत्रभित्रका नागरिकलाई पिउने पानीको न्यूनतम व्यवस्थापन गर्न सबै पक्षसँग समन्वय गरिनेछ ।

४. स्थानीय स्तरमा रहेका पानीका मुहानहरूको संरक्षण, सम्वर्द्धन र प्रयोग गर्न वडा समितिको अगुवाईमा टोल विकास संस्था तथा समुदायलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. गल्छी खोल्साबाट बग्ने पानीलाई सोही ठाउँमा अड्याउन प्राकृतिक छेकबारका कार्यक्रम निजी एवं स्थानीय समुदायको अग्रसरतामा सञ्चालन गर्न प्राथमिकता दिई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

६. घरघरमा आकाशेपानी संकलनका लागि प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

७. पानीका स्रोत र बहाव क्षेत्रको ५० मिटर आसपासमा रसायनिक मल, विषादी तथा कुनै पनि किसिमले प्रदूषण गर्ने कार्यलाई दण्डनीय गरिनेछ ।

८. खानेपानी मुहानको २५ मिटर आसपास कुनैपनि किसिमको रुख, बिरुवा फडानी गर्न नपाउने गरी समुदायकै सहयोगमा कडाईका साथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

९. साना सहरी खानेपानी तथा सरसफाई समिति, फिक्कलद्वारा सञ्चालित खानेपानी योजनालाई व्यवस्थित गरी उपभोक्ताको शुद्ध पिउने पानीको अधिकार सुनिश्चितता गरिनेछ । आयोजना अन्तर्गतको श्रीखोला खानेपानी आयोजनालाई व्यवस्थित र पूर्ण क्षमतामा सञ्चालन गर्न पहल गरिनेछ ।

१०. जोगमाई वृहत खानेपानी आयोजनाको निर्माण कार्य प्रारम्भ गर्न संघीय सरकारसँग सहकार्य र समन्वय गरी अगाडि बढाइनेछ ।

११. यस नगरपालिकाको वडा नं.१ लाई पानीको उद्‌गम तथा संरक्षित क्षेत्रको रुपमा सम्वर्द्धन र विकास गर्न सम्भाव्यता अध्ययन गरी एकीकृत गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१२. लिफ्टिङ सिस्टमका खानेपानी योजनाहरूलाई उपलब्ध उर्जाको प्रयोगद्वारा लागत साझेदारीका आधारमा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१३. खानेपानीको स्थानीय मुहान संरक्षण तथा मुहान आसपास पानी प्रदायक वनस्पति रोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।

## घ) महिला, बालबालीका तथा सामाजिक समावेशीकरण

**समतामूलक समाजको आधार: लैंगिक समानता तथा समावेशी विकासको प्रयास"**

**बालबालीका वर्तमानका आधार, विकासका साझेदार, भविष्यका कर्णधार**

**सूर्योदय नगर पर्यटकीय शहर , बालमैत्री बनाउने नगरबासीको रहर ।**

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई पूर्ण रुपले कार्यान्वयन गर्नका लागि तर्जुमा भएको लैगिक समानता तथा सामाजिक समावेशीकरण (GESI) कार्यविधि, योजना, रणनीति, मापदण्ड कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ ।

२. महिलाहरूको आर्थिक, सामाजिक, साँस्कृतिक विकासका लागि क्रमश: योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. लैङ्गिक हिंसामुक्त पालिका घोषणा गर्न लैङ्गिक हिंसा , घरेलु हिंसा न्यूनीकरण सचेतना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै लगिनेछ ।

४. सार्वजनिक स्थल तथा कार्यालयहरूमा स्तनपान कक्षको व्यवस्था गर्दै लगिनेछ ।

५. महिलाहरूलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरूको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा ३५ (पैंतीस) प्रतिशत शुल्क छुट दिने नीति अवलम्बन गरिनेछ ।

६. महिला हिंसा तथा घरेलु हिंसामा परेका महिलाहरूको सहयोगको निमित्त मनोसामाजिक परामर्श तथा सीप विकास सहितको पुर्नःस्थापना केन्द्रलाई सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी सञ्चालनमा ल्याइनेछ ।

७. महिलाहरूलाई व्यावसायिक बनाउन उद्यमशीलता तालिम सञ्चालन गर्ने, वडा स्तरीय/नगर स्तरीय सञ्जाल गठन गर्ने, न्यूनतम व्याजदरमा बीउँ पूँजी (चालु कोष ) परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

८. मानव अधिकार, महिला अधिकार, मानव बेचविखन विरुद्धका कार्यक्रमहरू सरोकारवाला संघ\संस्थाहरूसंग समन्वय गरी सञ्चालन गरिनेछ ।

९. महिलाहरूमा हुने वा हुनसक्ने स्वास्थ्य समस्याको जटिलताका आधारमा क्रमशः स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१०. नगर क्षेत्रभित्र रहेका अति विपन्न एकल महिलाहरू/ अविवाहित एकल महिला / अति विपन्न परिवारकालागि स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिने नीति लिइने छ ।

११. नगर क्षेत्र भित्रका महिलाहरू मध्येबाट सबैभन्दा जेष्ठ महिला छनौट गरी सूर्योदय नगर आमा घोषणा गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२. सूर्योदय नगरभित्र गठन हुने उपभोक्ता समिति, सहकारी संस्था तथा अन्य कुनै पनि संघ-संगठनमा महिलाहरूको सहभागिता संख्या ४०% हुनु पर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३. व्यावसायिक तरिकाबाट उद्योग तथा कृषि व्यवसाय गर्न इच्छुक महिलाहरूलाई महिला उद्यमी कर्जाको लागि बैङ्क तथा वित्तीय संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने नीति लिइने छ।

१४. सुरक्षित आप्रवासन आपतकालीन कोष, आप्रवासी कामदार सञ्जाल निर्माण कार्यक्रम, सहकारी शिक्षा, सहकारी अभिमूखीकरण, आप्रवासी परिवारका लागि उद्यमशिलता विकास, मनोसामाजिक परामर्श आत्महत्या न्यूनीकरण सम्बन्धी अन्तर्क्रिया तथा अभिमूखीकरण कार्यक्रमलाई निरन्तरता गर्ने नीति लिइनेछ ।

१५. आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडी परेका महिलाहरूलाई आर्थिक सशक्तिकरण गर्ने नीति लिइनेछ ।

१६. बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्दै लगिनेछ।

१७. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायहरूद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१८. बालबालीकालाई भविष्यको कर्णधारको रुपमा मात्र होइन वर्तमानमा विकासको साझेदारको रुपमा व्यवहार गरिनेछ । बालबालीकाहरूसँग सम्बन्धित विषयको नीति कार्यक्रम बनाउँदा बालबालीकाहरूको संस्थागत सहभागिता गर्ने गराउने नीतिलाई निरन्तरता दिईनेछ ।

१९. बालबालीकाको चौतर्फी विकासका लागि उनीहरूकै सहभागिता तथा अगुवाईमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने गराउने नीति लिइनेछ।

२०. वि.सं.२०८० सालसम्ममा नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने लक्ष्यलाई पूरा गर्न आवश्यक तयारी र कार्य गरिनेछ ।

२१. सूर्योदय नगरपालिका क्षेत्रका बालबालीकाको स्थिति प्रतिवेदन, बाल कोष सञ्चालन कार्यविधि, बालबालीकाको आवधिक लगानी योजना, बाल संरक्षण नीति तथा कार्ययोजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

२२. बालबालीकासँग सम्वन्धित सरोकारवाला निकाय, दातृनिकाय र विकासका साझेदार संस्थासँगको समन्वयमा बालवालिकाको चौतर्फी हितमा कार्य गर्ने नीति लिइनेछ ।
२३. बालबालीकामा पर्न सक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका बालमैत्री कक्षा शिक्षक र बालविकास केन्द्रको सहयोगी शिक्षिकालाई सामाजिक मनोचिकित्सा सम्बन्धी प्रशिक्षण तालिम सञ्चालन गर्ने नीति लिइनेछ ।
२४. बालअधिकारको सुनिश्चितता सहित विकास योजना तर्जुमा देखि अनुगमनका चरणसम्मनै बालबालीकाहरूको सहभागिताका लागि हरेक वडामा बालक्लबको गठन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
२५. बालविवाहलाई निषेध गर्नको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
२६. बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बनाउन नगरपालिका क्षेत्र भित्र कम्तिमा एक बाल उद्यान सहितको विद्यालय बनाउने नीति  लिइनेछ ।
२७. बालमैत्री स्थानीय शासन युक्त नगरपालिका बनाउन कुनै प्रकारको बालश्रम हुन नदिन अनुगमन, निरीक्षण गरी जनचेतनामूलक कार्यक्रम गर्दै लगिनेछ ।
२८. ज्येष्ठ नागरिकहरूसँग भएको ज्ञान तथा अनुभवलाई पुस्तान्तरण गर्नका लागि विभिन्न कार्यक्रम गर्ने नीति लिइनेछ।
२९. क्रमागत रुपमा प्रत्येक वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
३०. ज्येष्ठ नागरिक सम्मान तथा देशदर्शन कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
३१. ज्येष्ठ नागरिक परिचय-पत्र सहज रुपमा उपलव्ध गराउने प्रवन्धलाई निरन्तरता दिइनेछ ।
३२. आफ्नो घरका ज्येष्ठ नागरिकहरूलाई उत्कृष्ट हेरचाह गर्ने परिवारका सदस्यलाई छनौट गरी बार्षिक रुपमा सम्मानित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै  सार्वजनिक निजी साझेदारीमा एक छुट्टै कोष खडा गरी ज्येष्ठ नागरिकको हितमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
३३. ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरूलाई स्वास्थ्य बीमाको निम्ति सहजीकरण गर्ने कार्य गरिनेछ ।
३४. दलित समुदायका परम्परागत पेशा, कला र सीप संरक्षण र सम्वर्द्धन गर्दै तिनको व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
३५. दलित वर्गको जीवनयापन सहज बनाउनका लागि सचेतना तथा सीप विकास जस्ता कार्यक्रम सञ्चालन गर्ने गराउने नीति लिइनेछ ।
३६. नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने सबै दलित विद्यार्थीहरूलाई विद्यालयमा कुनै प्रकारको शूल्क नलाग्ने तथा नलगाउने नीति कडाईका साथ लागु गरिनेछ ।
३७. दलित समुदायलाई पेशागत उद्यमशीलता र सीपविकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

३८. आदिवासी जनजातिहरूको संविधान प्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका साथै भाषा लिपि, संस्कृति, परम्परा र पूर्ख्यौली सीपको संरक्षण, प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
३९. आदिवासी जनजाति समुदायका नागरिकलाई सरकारी सेवामा प्रोत्साहित गर्नका लागि पूर्व तयारी कक्षा सञ्चालन गरिनेछ ।
४०. आदिवासी जनजाति महासंघको ५ वर्षे रणनीतिक कार्ययोजनालाई कार्यान्वयनमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
४१. लोपोन्मुख जातिमा सूचिकृत रहेको लेप्चा जातिहरूको आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक स्थल संरक्षण तथा प्रवर्द्धन गर्दै लेप्चा भिलेज निर्माणको अध्ययन गरिनेछ ।
४२. लेप्चा जातिको नामवन पर्व (नयाँ वर्ष) का दिन नगरभरि सार्वजनिक बिदा दिई उत्सवको रुपमा मनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
४३. ऐतिहासिक ज्यूठी (किल्ला) लाई संरक्षण, सम्वर्द्धन र पुनःनिर्माण गर्ने नीति लिइनेछ ।
४४. लोपोन्मुख लेप्चा जातिसँग सम्बन्धित ऐतिहासिक फेन्सोङ गुम्बालाई धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।
४५. अपांगता भएका व्यक्तिहरूको चौतर्फी विकास गर्न नगरपालिका र विकास साझेदार सँगको साझेदारीमा अपांगता भएका व्यक्ति लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
४६. नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने सबै अपांगता भएका विद्यार्थीहरूलाई विद्यालयमा कुनै प्रकारको शुल्क नलाग्ने तथा नलगाउने नीति अवलम्बन गरिनेछ ।
४७. सूर्योदय नगरपालिका भित्रका परिचयपत्र प्राप्त अपांगता भएका व्यक्तिहरूद्वारा संचालित उद्योग व्यवसायमा नगरपालिकामा लिइने करमा ५० प्रतिशत सम्म कर छुट दिइने नीतिलाई निरन्तरता दिइनेछ।
४८. सबै प्रकारका कार्ड प्राप्त अपांगता भएका व्यक्तिलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने नीति लिइनेछ ।
४९. सूर्योदय नगरपालिकाभित्र रहेका अपांगता भएका व्यक्तिहरूलाई नियमित परिचय पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
५०. अपांगता भएका महिलाहरूका लागि निशुल्क सुरक्षित सेनिटरी प्याड उपलब्ध गराउने नीति लिइनेछ ।
५१. सूर्योदय नगरपालिका क्षेत्रभित्र निर्माण हुने भौतिक संरचनाहरू अपांग मैत्री बनाउने नीति लिइनेछ ।
५२. सूर्योदय नगरपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनलाई सहज बनाउन सहायक सामाग्री उपलब्ध गराउने नीति लिइनेछ ।
५३. नगर क्षेत्रभित्र गठित अपाङ्गता स्वावलम्बन समूहहरूलाई संगठित गरी सहकारी संस्थाको रुपमा परिणत गरी परिचालनमा सहजिकरण गर्ने नीति लिइनेछ ।
५४. सूर्योदय नगरपालिका भित्र अपाङ्गता भएका व्यक्तिहरूका लागि हेल्प डेक्स व्यवस्थापनका लागि संघ/प्रदेश सरकार र सरोकारवाला निकायहरूसँग समन्वय गर्ने नीति लिइनेछ ।

## ङ) युवा तथा खेलकुद

१. युवाहरूलाई रुपान्तरणको सम्वाहक र नेतृत्वको साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्वको विकास गर्न र गराउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। उद्यमशीलता विकास गरी युवाहरूलाई स्वरोजगार तर्फ आकर्षित गरिनेछ।

२. युवाहरूको सिर्जनशील उर्जा, सम्भावनाको विकासका लागि वातावरण निर्माण गरि हिंसा, दुर्व्यसन र अराजकतामा युवाहरूलाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने गराउने नीति रहनेछ।

३. नगरक्षेत्रका युवा जनशक्तिलाई सीपमुलक तालिम दिई दक्ष जनशक्ती उत्पादन गरिनेछ।

४. यस वर्ष कम्तीमा तीनवटा वडामा बेरोजगार रहेका युवाहरूलाई गरेर खान सक्ने बनाउन तीन महिनाको फिल्ड वेस तालिम सञ्चालन गरिनेछ।

५. स्वास्थ्य सचेतना, सरसफाइ, विपद् व्यवस्थापन, वातावरण संरक्षण, सामाजिक कुरीति र अन्धविश्वास विरुद्धको सामाजिक जागरणका लागि प्रत्येक वडामा वडा युवा क्लब तथा नगरमा नगर युवा सञ्जाल गठन र कार्य सञ्चालन गरिनेछ।

६. सबै वडाका युवाहरूलाई समेटेर नमूना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ।

७. एक वडा एक उद्यम कार्यक्रम, एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गरिनेछ।

८. युवा सम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका लागि राष्ट्रिय युवा परिषद् र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

९. युवा प्रतिभा पहिचानको कार्यक्रम सञ्चालन गरी प्रतिभालाई उजागर गरिनेछ।

१०. सूर्योदय नगर युवा परिषद मार्फत विविध कार्यक्रम सञ्चालन गरिनेछ।

११. युवा व्यवसायीका लागि नगर क्षेत्रभित्रका व्यवसायी /साना उद्योगले रोजगार दिन सक्ने गरी लागत साझेदारीमा साना व्यवसाय/उद्योग सञ्चालन गर्ने नीति लिइने छ।

१२. सूर्योदय नगरपालिका भित्र सञ्चालन गरिने खेलकूदहरू वार्षिक खेलकूदहरूको क्यालेण्डर निर्माण गरी नगरस्तरीय खेलहरू सञ्चालन गरिने नीति लिइनेछ।

१३. "एक वडा एक खेल मैदान" को अवधारणा अनुसार खेलमैदान निर्माण गर्दै लगिनेछ।

१४. नगर, क्षेत्र र प्रदेश स्तरीय खेलकूद सञ्चालनका लागि प्रदेश स्तरीय खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१५. यस नगरपालिकाका विभिन्न खेलका खेलाडीहरूलाई प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६. आवश्यकता र स्थानीय युवाहरू तथा खेलप्रेमीहरूको माग अनुसार खेलकुदको भौतिक संरचना निर्माण गर्ने कामलाई प्राथमिकतामा राखिने छ।

१७. सूर्योदय नगर खेलकुद विकास समितिलाई खेलाडीहरू र सम्पूर्ण नगरका खेलप्रेमीहरू तथा नगरको खेलको लक्ष्य उद्देश्यप्रति जवाफदेही बनाउने नीति अवलम्बन गरिनेछ।

१८. अन्तर विद्यालय नगर स्तरीय प्रतियोगितात्मक खेल सञ्चालन गरिनेछ।

१९. राष्ट्रिय स्तरमा उत्कृष्ट भई पुरस्कार प्राप्त गर्ने नगरक्षेत्रका खेलाडीहरूलाई नगरपालिकाको तर्फबाट सम्मान गरिनेछ।

२०. मेयर कप फूटबल प्रतियोगितालाई निरन्तरता दिइनेछ।

२१. विद्यालय तथा खेलकुदसँग आवद्ध संस्थाहरूलाई खेल सामग्री प्रदान गर्ने नीति लिइने छ।

२२. अन्तर्राष्ट्रिय स्तरको खेल प्रतियोगिता आयोजना गर्न आवश्यक पूर्वाधारहरू सङ्घ, प्रदेश, वैदेशिक सङ्घसंस्थासित समन्वय, सहकार्य र साझेदारीमा निर्माण गर्दै लगिने छ।

२३. वडा स्तरीय खेलकुद सञ्चालन गर्ने नीति लिइनेछ।

२४. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।

२५. नगर स्तरीय विविध खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

२६. विद्यालय तथा खेलसँग सम्बन्धित संस्थाहरूहको आवश्यकताको मूल्याङ्कन गरी खेल सम्बन्धी प्रशिक्षण उपलब्ध गराइने छ।

२७. नगरभित्रका खेल सम्बद्ध संस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा सहभागी नगरभित्रका खेलाडीहरूको सूची दर्ता गरी अभिलेखीकरण गरिनेछ।

### च) सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग प्रणालीबाट वितरणको निरन्तरता गरिनेछ।

२. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरणलाई निरन्तर रुपमा अध्यावधिक गर्दै लगिनेछ।

३. कर्मचारी-जनप्रतिनिधि-लाभग्राही विचार आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

४. सामाजिक सुरक्षा भत्ता निकासा हुने वित्तिकै बैंक खातामा जम्मा गराउने कार्यको लागि बैंकहरूसँग आवश्यक समन्वय गरिनेछ।

५. वडा वडा मा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिइनेछ।

७. सामाजिक सुरक्षावृत्ती प्राप्त गर्ने लाभग्राहीहरूको अभिलेखीकरण तथा ब्यक्तिगत घटना दर्तासँग सम्बन्धित अभिलेखहरूलाई व्यवस्थित गरी सेवाग्राहीको माग अनुसार सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

८. टोल विकास संस्थाका पदाधिकारीहरू, महिला स्वास्थ्य स्वयम् सेविका, जनप्रतिनिधीहरूलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण तालिमका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

## ३. पूर्वाधार क्षेत्र

### क) भवन, आवास तथा बस्ती विकास

**"व्यवस्थित बस्ती, भूकम्प प्रतिरोधी भवन निर्माण, हाम्रो अभियान"**

१. प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा Pilot Project को रुपमा नगर क्षेत्रभित्र भवन संहिता कार्यान्वयन गर्न यस आ.व.बाट प्रारम्भ गरिनेछ।

२. अति-विपन्न,एकल, सीमान्तकृत र भूमिहीन परिवारको लागि संघीय सरकारसँग समन्वय गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिइनेछ । साथै विकासका कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी समुदाय सम्म पुग्ने गरी योजना तर्जुमा गरिनेछ ।

३. भवन संहिता कार्यान्वयन गर्न अभिलेखीकरणलाई निरुत्साहित गरी नक्सा पासलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. भूउपयोग ऐन, २०७६ र नियमावली २०७९ मा भएको व्यवस्था बमोजिम नगर क्षेत्र भित्रका जग्गाहरूको वर्गीकरण गरिनेछ। भू-उपयोग योजना तयार गरी जग्गा खण्डीकरण लगायतका विषयहरूलाई व्यवस्थित गरिनेछ ।

५. भू-उपयोग नीतिलाई प्राथमिकतामा ल्याई जमिनको आफ्नो उपयोग र सम्भाव्यता अध्ययन गरी वर्गीकरण गर्दै लगिनेछ।

६. भू-उपयोग ऐन र नियमावली कार्यान्वयनको निम्ति स्थानीय भू-उपयोग परिषद्लाई क्रियाशील बनाइनेछ।

७. निजी तथा सरकारी कृषियोग्य भूमि बाँझो राखिने छैन । सरकारी, सार्वजनिक र उपयोगमा आउन बाँकी रहेका जमिनको पहिचान गरी राष्ट्रिय भूमि आयोगको मापदण्ड अनुसार भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अब्यवस्थित बसोबासीहरूको लगत संकलन गरी पहिलो प्राथमिकताको आधारमा धनीपूर्जा वितरणको निम्ति समन्वय र सहकार्य गरिनेछ।

८. समानताको आधारमा भूमिमा महिला किसानको अधिकार सुनिश्चित गर्न महिला किसानको एकल वा संयुक्त स्वामित्व कायम गर्ने विषयलाई प्राथमिकतामा राखिनेछ।

९. शवदाह स्थल आवश्यकताको आधारमा निर्माण गरिनेछ ।

१०. पशु बधशाला स्थापना र सञ्चालनमा निजी र सार्वजनिक साझेदारीमा गर्न गराउन आवश्यक पूर्वाधारहरूको विकासमा सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

११. तालिम प्राप्त कालिगढहरूबाट मात्र घर निर्माण गर्न गराउन विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूसँग समन्वय गरी कालिगढ तालिम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२. घर निर्माण गर्दा अनियन्त्रित रुपले पहाड खार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

१३. घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सापास गर्नुपर्ने छ । जमिनको बनौट अनुसार नै घर निर्माण गर्ने र घर निर्माण गर्दा स्थानीय सामग्री प्रयोग गर्नेलाई घरनक्सा पास गर्दा २५% दस्तुर छुट दिने नीति अवलम्बन गरिनेछ ।

१४. राजमार्गको दायाँबायाँ घडेरी खार्ने कार्यलाई भवन निर्माण मापदण्डसँग आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

१५. नगरपालिकामा बनिने भवनहरूमा भूमिगत पार्किङ बनाएमा राजश्वमा छुट दिइनेछ ।

१६. नगरपालिका क्षेत्रमा प्लटिङ्ग गर्न आवश्यक कार्यविधि बनाई अनुमति दिदै लगिनेछ ।

१७. सडक क्षेत्राधिकारको यकिन गर्न सम्बन्धित निकायहरूसंग समन्वय गरी रेखाङ्कन गर्दै लगत कट्टाको प्रकृया अगाडि बढाइनेछ ।

१८. भवन निर्माणको निमित्त सडकहरूको R.O.W. र Setback नगर सडक गुरुयोजनामा निर्धारित मापदण्डमा रही गरिनेछ।

१९. वातावरण संरक्षणका निमित्त नक्सा पास गर्दा भवनको सेप्टिक टेंक, Soak pit र Recharge pit बनाउने नीति अवलम्बन गरिनेछ।

२०. नगर क्षेत्रभित्र निर्माण हुने आवासीय भवनहरूमा एक घर एक वृक्षको नीति लिइनेछ।

२१. नगर क्षेत्रभित्र भूकम्प प्रतिरोधी भवन निर्माण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

२२. नगरपालिकामा कार्यरत कर्मचारीहरूको लागि कर्मचारी आवास गृह निर्माण गरिनेछ।

## ख) सडक, पुल तथा यातायात

१. दिगो, सुरक्षित, धान्न सक्ने, वातावरणमैत्री सडक निर्माणको निम्ति सूर्योदय नगर सडक सञ्जाल गुरुयोजनाको सडक वर्गीकरण अनुसार संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको नीति लिइनेछ।

२. सूर्योदय नगरपालिकाको आवधिक योजना र नगरस्तरीय सडक गुरुयोजना अनुसार प्राथमिकताको आधारमा सडक सञ्जालका कार्यहरू सञ्चालन गर्दै लगिनेछ।

३. नगरक्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण भौतिक कार्यक्रम तथा योजनाहरूको तयार भएका DPR, DEDR अनुसार बर्गीकृत गरी स्थानीय, प्रदेश तथा संघीय सरकार मार्फत सहकार्य र समन्वयमा कार्यान्वयन गर्दै लगिनेछ।

४. सूर्योदय नगरपालिकाभित्र रहेका प्रमुख बजार तथा पर्यटकीय स्थलहरूमा पार्किङ, सार्वजनिक शौचालय, प्रतिक्षालय तथा सूचना पाटी लगायतका पूर्वाधारहरू प्राथमिकताको आधारमा निर्माण कार्य गरिनेछ।

५. नगर गौरब आयोजना अलवेदर सडक (All Weather Road)हरूलाई निरन्तरता दिँदै प्राथमिकताको आधारमा पक्की सडकमा रुपान्तरण गर्दै लगिनेछ।

६. संघ, प्रदेश तथा स्थानीय सरकारको कार्यक्रममा समावेश भएको सम्भाव्यता अध्ययनको कार्यलाई यस क्षेत्रको सम्भावनासंग जोडी निजी क्षेत्र, संघ-संस्था, गैरसरकारी संस्था, परियोजनाहरूसंगको सहकार्य (PPP)मा कार्यान्वयन गराउनका निमित्त पहल गरिनेछ।

७. प्रस्तावित निर्माणाधीन तथा निर्मित पूर्वाधारहरूको निर्माण तथा सञ्चालन, मर्मत, सम्भार संरक्षण, सम्वर्द्धन गर्नका निमित्त आवश्यक पर्ने मेशिनरी उपकरण तथा औजारहरू खरिद गर्ने नीति लिइनेछ।

८. सूर्योदय नगरपालिका क्षेत्रभित्र भएको भौतिक र अन्य संरचनाहरूको मर्मत संभारको निम्ति कोष निर्माण गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९. सूर्योदय नगरपालिकाको १४ वटै वडा कार्यालयदेखि नगरपालिकाको कार्यालयसम्म जोड्ने सडक सञ्जाललाई उच्च प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाइनेछ।

१०. मेची राजमार्ग सडक क्षेत्राधिकार कायम गर्ने कार्यलाई निरन्तरतमा दिँदै सडक क्षेत्राधिकार कायम गरिएका क्षेत्रको निर्माण कार्यलाई प्राथमिकतामा राखी संघीय सरकारसँग समन्वय गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

१२.सीमा सडक निर्माणका लागि संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

१३.बरबोटे-माने-कट्टेबुङ्ग-छिरुवा कृषि सडक निर्माण कार्य संघीय सरकार र नगरपालिकाको साझेदारीमा निर्माण गर्ने कार्यलाई क्रमागत रुपमा अघि बढाइनेछ ।

१४.पालटाङ्गे-सिद्धीगाउँ सडक पक्की गर्ने कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।

१५.फिक्कल(बरबोटे)-गुप्ती-नयाँबजार सडक पक्की गर्ने कार्य द्रुत रुपमा सम्पन्न गर्न प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

१६.छिपिटार-श्रीअन्तु- छब्बिसे-बौद्धधाम सडक निर्माण कार्य द्रुत रुपमा अघी बढाउन संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

१७.पशुपतिनगर भञ्ज्याङ्ग चोक-टाँसी गाउँ-मानेभञ्याङ्ग सडक संघीय सरकारसँग समन्वय गरी निर्माण कार्य सम्पन्न गरिनेछ ।

१८.भालु खोप खुदुनाबारी सडकलाई पक्की सडकको रुपमा स्तरोन्नति गर्न संघीय सरकारसँग समन्वय गरी निर्माण कार्यलाई तिब्रता दिइनेछ।

१९. प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा मुख्यमन्त्री ग्रामिण सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२०. माने- पान्दाम- गोर्खे सडकलाई पक्की गर्ने र स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१. सहरी विकास मन्त्रालय अन्तर्गत सघन सहरी विकास कार्यक्रममार्फत सूर्योदय नगरपालिकालाई विनियोजित पचास करोड रकमबाट निम्न आयोजनाहरू आवश्यक समन्वय गरी कार्यान्वयन गरिनेछ ।

क) अन्तुडाँडा रातमाटे-मानेडाँडा सडक खण्ड (नमूना पर्यटन गाउँ), सू.न.पा.५

ख) छिरुवा-छविसे सडक खण्ड, सू.न.पा.४

ग) फिक्कल रिङ्गरोड (छिपिटार - शान्ति गोलाई), सू.न.पा.१० र १२

घ) कन्याम हुरहुरे भञ्ज्याङ्ग- ग्यावाचोक-६ नं.वडा कार्यालय सडक, सू.न.पा.६

ङ) मानेभञ्ज्याङ्ग च्यामे खोला-गोर्खे बजार सडक खण्ड, सू.न.पा.१

च) कन्याम पार्क निर्माण, सू.न.पा.८

छ) अन्तुपोखरी शौन्दर्यकरण, सू.न.पा.४

ज) पशुपतिनगर बस पार्क निर्माण, सू.न.पा.२

झ) कृषि संकलन केन्द्र निर्माण, सू.न.पा.९

ञ) जोरपोखरी संरक्षण आयोजना, सू.न.पा.१३

२२. सडकमा निर्वाधिरुपमा आवतजावत गर्न अवरोध सिर्जना गर्ने (सडकमा निर्माण सामग्री राख्ने, गोलीया काठ थुपार्ने, सडक मिचेर घर टहरा बनाउने, पाली गास्ने, पसल थाप्ने जस्ता) कार्यलाई निरुत्साहित गरिनेछ।

२३. सूर्योदय नगरपालिकाको स्थानीय सडक व्यवस्थापन, सञ्चालन तथा नियमन सम्वन्धी ऐन, २०७८ ले स्थानीय सडकमा वजन तथा उचाईको हद निर्धारण गरे बमोजिमको सवारी सञ्चालन गर्ने सम्वन्धमा आवश्यक नियमन र व्यवस्थापन गरिनेछ।

२४.निर्धारित मापदण्ड कार्यान्वयन गर्न नसकिने सडक आयोजनाहरूमा थप लगानी नगर्ने नीति अवलम्बन गरिनेछ।

२५.सूर्योदय नगर चक्रपथको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२६.नगरपालिका क्षेत्रभित्रको स्थानीय सडकको क्षेत्राधिकार निर्धारण गरी लगत कट्टाको प्रक्रिया अगाडि बढाउँदै लगिनेछ।

२७.नगरपालिकाभित्र सडक निर्माण गर्दा स्थानीय स्तरमा उत्पादनको पकेट क्षेत्र र पर्यटन प्रवर्द्धनलाई आधार लिइनेछ।

२८.नगरपालिकाभित्र रहेका नगर स्तरीय, प्रदेश स्तरीय र राष्ट्रिय स्तरको सडकको दायाँबायाँ अधिकार क्षेत्रको मापदण्ड अनुसार पालना गर्ने गराउने कार्यलाई निरन्तरता दिइनेछ।

२९.सडक क्षेत्राधिकारको यकिन गर्न सडक डिभिजन कार्यालयसँग समन्वय गरी रेखांकन गरी लगत कट्टाको प्रक्रिया अगाडि बढाइनेछ।

३०. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका सवारी साधनको रुट तथा भाडा दर निर्धारण गरी सवारी साधन सञ्चालनमा नियमन गरिनेछ।

३१. नगर सडक गरुयोजना (MTMP) लाई कार्यान्वयन गर्दै लगिनेछ।

३२. सडक बोर्ड नेपालसँग साझेदारी गरी नगर क्षेत्रभित्रका सडकहरूको मर्मत सम्भार गरिनेछ।

३३. नवप्रवर्द्धन साझेदारी कोष र नगरको साझेदारीमा सञ्चालन हुने ग्लास ब्रिजसहितको साइक्लिङ्ग ट्र्याक निर्माण गरिनेछ।

३४. नगर क्षेत्रभित्रको विभिन्न स्थानमा आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण तथा निर्मित पुल संरक्षण गर्ने नीति लिइनेछ।

## ग) जलस्रोत, जलविद्युत तथा स्वच्छ उर्जा

**"उज्यालो नगर हाम्रो अभियान, झिलीमिली सोलार सडक सूर्योदयको पहिचान"**

१. हालसम्म पनि केन्द्रीय प्रशारण लाईनबाट विद्युत सेवा नपुगेका टोल बस्तीहरूमा विद्युत सेवा विस्तार गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ। केन्द्रीय प्रशारण लाईन विस्तार गर्न नसकिने क्षेत्रका अति बिपन्न घरपरिवारलाई विद्युत सेवा उपलब्ध गराउन वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ। राष्ट्रिय

प्रशारण लाईन विस्तार गर्दा तुलनात्मक रुपमा महंगो पर्ने टोल, बस्ती घरहरूमा उज्यालो बनाउन सरोकारवालाहरूको समेत सहभागितामा वैकल्पिक उर्जा (सौर्य उर्जा) को विस्तार गरिनेछ।

२. साना, मझौला, ठूला कलकारखाना तथा व्यावसायिक केन्द्रहरूमा आवश्यक पर्ने ट्रान्सफर्मर (Transformer) तीन फेज लाईन विस्तारको निम्ति विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ।

३. विद्युत प्राधिकरणसँग समन्वय गरी काठको बिजुली पोल प्रतिस्थापन गर्दै लगिनेछ।

४. वैकल्पिक उर्जाका सम्भावनाहरूलाई पहिचान गरी सरोकारवालाहरूको सहभागीता तथा समन्वयमा प्रयोगमा ल्याउने नीति अवलम्वन गरिनेछ।

५. खनिज इन्धनको प्रयोगलाई न्यूनीकरण गर्दै विद्युतीय उपकरण तथा सामग्रीहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

६. पर्यटकीय क्षेत्र, सार्वजनिक महत्वका भवन तथा स्थान, बजारक्षेत्र, कालोपत्रे सडक क्षेत्रभित्रका टोलबस्तीहरूमा समुदायको साझेदारीमा सौर्य सडक बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७. विद्युतको केन्द्रीय प्रशारण तथा वैकल्पिक उर्जा शक्तिलाई नगरबासीको दैनिक आवश्यकताका अतिरिक्त उद्यम विकाससँग समेत आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

८. नगरपालिका क्षेत्रभित्र विद्युत उत्पादन गर्न गराउन आवश्यकता अनुसार सहजीकरण तथा समन्वय गरिनेछ।

९. विद्युत हाइटेन्सन लाईनमुनि कुनैपनि भौतिक संरचना निर्माण गर्न निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

१०. बजार क्षेत्रमा रहेको विद्युत वितरणको तारलाई इन्सुलिन तारमा परिणत गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ।

११. सामुदायिक विद्युत आयोजनाहरूलाई नेपाल विद्युत प्राधीकरणको स्वामीत्वमा लैजान निरन्तर पहल गरिनेछ।

१२. संघ र प्रदेश सरकारसंगको साझेदारीमा विद्यूत प्रसारण लाईनहरूलाई सुरक्षित र वैज्ञानिक बनाउने नीति लिइनेछ।

## घ) सूचना तथा सञ्चार प्रविधि

### "सूचना तथा सञ्चार: नागरिकको मौलिक अधिकार"

१. नागरिकको सूचना सम्वन्धी हकलाई कार्यान्वयन गर्न बनेको कानूनलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

२. नगर भित्र रहेका सार्वजनिक निकाय, विद्यालय, स्वास्थ्य केन्द्र लगायत अन्य निकायहरूमा इन्टरनेटको पहुँच विस्तार तथा सुदृढ गरिनेछ।

३. तिब्र इन्टरनेट पहुँचको निम्ति दुर संचार संस्थानसँग समन्वय गरी FTTH को विस्तारलाई व्यापक तुल्याउन आवश्यक पहल गरिनेछ।

४. सार्वजनिक सेवालाई सर्वसुलभ र पारदर्शी तुल्याउन नगरपालिकालाई प्रविधिमैत्री नगरको रुपमा विकास गरिनेछ।

५. नगरवासीहरूमा डिजिटल साक्षरता (Digital Literacy) को विकास गर्नका लागि आवश्यक तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६. स्थानीय अभिलेख व्यवस्थापनमा नविनतम् सूचना प्रविधिको उपयोग गरिनेछ ।

७. विभिन्न सञ्चार माध्यमको स्थापना र सञ्चालनमा प्रोत्साहित गरिनेछ । साथै हाल नगर क्षेत्रभित्र सञ्चालनमा रहेका एफ.एम.रेडियो स्टेशनहरूलाई थप प्रशारण क्षमता विस्तार गर्नको लागि प्रोत्साहित गर्ने नीति लिइनेछ ।

८. कृषकहरूको समूह वा सहकारीहरूलाई सूचना तथा सञ्चारमा आबद्ध गर्दै जाने नीति लिइनेछ।

९. नगरकार्यपालिकाको कार्यालय र नगरपालिका क्षेत्रभित्र रहेका मुख्य पर्यटकीय क्षेत्रहरूलाई क्रमश: Free Wi-Fi Zone बनाउँदै लगिनेछ ।

१०. नगरमा रहेका सबै सरकारी कार्यालयहरूको कामलाई Online मार्फत गरी गराई सूचना प्रविधिलाई सेवाग्राहीको पहुँचमा पुऱ्याउने र कार्यालयबाट हुने भुक्तानी प्रणालीलाई EFT(Electronic Fund Transfer) प्रणालीमा रुपान्तरण गर्दै लगिने नीति लिइनेछ ।

११. नगरपालिका लगायत सबै वडा कार्यालयहरूमा प्राथमिकताको आधारमा डिजिटल सूचना पाटीको व्यवस्था गरिनेछ।

१२. नगरको सम्पूर्ण सूचना तथा सेवाहरूलाई सहज रुपमा प्राप्त गर्न सकिने गरी नगरको मोबाइल एप (Mobile App)लाई निरन्तरता दिई नगरबाट प्रवाह हुने सेवाहरूलाई यसमा आबद्ध गर्दै लगिनेछ ।

१३. इलाम जिल्लाबाट संचालित संचार माध्यमहरूबाट लोककल्याणकारी विज्ञापन प्रकाशन प्रशारण गर्ने नीति लिइनेछ ।

१४. राज्यको चौथो अंगको रुपमा स्थापित सञ्चारकर्मीहरूसँग सहकार्य गर्दै विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ । साथै संचारकर्मीहरूको क्षमता विकास, संस्थागत विकास र सुरक्षाको लागि सरोकारवाला संस्था वा निकायहरूसँग सहकार्यको नीति लिइनेछ।

१५. स्थानीय तथा राष्ट्रिय संचार माध्यमहरूसंग समन्वय गरी प्रकाशन/ प्रसारण सम्बन्धी कार्य गर्न सूर्योदय सूचना केन्द्र स्थापना गरिनेछ ।

## ४. वन तथा वातावरण

### क) वन, भू संरक्षण तथा जैविक विविधता

१. वनलाई वातावरण संरक्षण संगसंगै आयआर्जनसंग जोडेर नगरवासीहरूको आयमा बृद्धि गरिने कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ।

२. नदी/खोल्सा किनारको दुवै तर्फको २५ मीटर भूमिमा रुख तथा बोट विरुवा कटानलाई पूर्णरुपमा प्रतिबन्ध लगाउने नीतिलाई निरन्तरता दिइनेछ ।

३. खोला नदीमा विद्युतीय करेन्ट र विषादी प्रयोग गरी माछा मार्ने कार्यलाई निरुत्साहित गरी अटेर गर्नेलाई दण्ड जरीवाना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४. नगरबासीले आफ्नो नम्बरी आवादीको रुख कटान गर्नुपरेमा ३३ इन्च भन्दा कम गोलाई भएको कुनै पनि रुख कटान गर्न पाउने छैन। सरपट कटानीलाई कडाईकासाथ निषेध गरिनेछ। वडा समितिको उपस्थितिमा सर्जमिन सिफारिसको आधारमा नगरपालिकाको स्वीकृति विना छपान कटान गर्न पाईने छैन।

५. भू–क्षय नियन्त्रण तथा नदी कटान रोकथाम र न्यूनीकरका लागि आवश्यक पहल गरिनेछ।

६. वन क्षेत्रभित्र रहेका चिजवस्तु, विरुवा, जनवारसंग सम्बन्धित भएर अध्ययन अनुसन्धान गर्न चाहानेले पेश गरेको प्रस्तावनालाई प्रकृति संरक्षण कोषको सिफारिसमा मात्र अनुमति प्रदान गरिनेछ। कुनै पनि विदेशी नागरिकलाई कुनै पनि कार्यका लागि वन क्षेत्रमा प्रवेश निषेध गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

७. खानेपानी मुहान तथा स्रोत संरक्षण, ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, वन संरक्षण तथा दिगो व्यवस्थापन जैविक विविधताको संरक्षण, समुदाय तथा विद्यालयमा वातावरणीय शिक्षा, ध्वनी प्रदुषण नियन्त्रण लगायत आधारभुत वातावरणीय सुचकहरूको कार्यान्वयन गर्दै नगरपालिकालाई वातावरणीय स्थानीय शासनको निम्ति योजनाबद्ध कार्यक्रमहरूको थालनी गरिनेछ।

## ख) वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन :

**“दिगो विकासको आधार, भावी सन्ततीको अधिकार”**

**"फोहरमैलाको उचित व्यवस्थापन, सभ्यताको मापन"**

१. वातावरणीय प्रदुषण नियन्त्रण तथा मापनका कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गर्नुका साथै वायु प्रदुषणको स्तर राष्ट्रिय मापदण्ड अनुरुप भए नभएको मापन प्रारम्भ गरिनेछ।

२. सूर्योदय नगरपालिकाको थुम्के लगायतका उत्तरपूर्वी क्षेत्रमा रहेको खुला पशु चरन क्षेत्रहरूका कारण वनजंगल, हरियाली नासिदै गएकोले वनजंगल जोगाउन र बृक्षरोपण गरीएको ठाउको उचित संरक्षण गर्न उक्त क्षेत्रहरूमा खुला चरिचरनलाई समुदायको सहभागितामा व्यवस्थित गरिनेछ।

३. सार्वजनिक क्षेत्रको सरसफाईको निम्ति **"आफ्नो टोल सफा राखौँ"** भन्ने अभियान अनुसार मठ, मन्दिर, गुम्बा, चर्च, सडक, पार्क, नाला, गल्ली, फुटपाथ, खोला, नदि, बगर, नहर, वन तथा चौरमा फोहोर फाल्न प्रतिबन्ध लगाउन टोल विकास संस्थाहरूलाई जिम्मेवारी बनाउदै लैजाने नीति लिईने छ।

४. नगरपालिकाले स्थायी रुपमा फोहरमैला व्यवस्थापन गर्न आ.व. २०७९/०८० देखि Solid Waste Management System कार्यान्वयनका लागि सम्बन्धित निकायसँग समन्वय गरि कार्य प्रारम्भ गरिनेछ।

५. फोहोरमैला नै उत्पादन नगर्ने, गरे पनि न्यून गर्ने, त्यसलाई पूनः प्रयोग गर्ने कार्यलाई व्यवहारमा अवलम्बन गर्न सरोकारवालाहरूको सहयोग र सहभागितामा सीपमूलक, सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने नीतिलाई निरन्तरता दिइनेछ।

६. वडास्तरमा उत्पादन हुने फोहोरमैलालाई वडा स्तरमा नै संकलन केन्द्र तथा स्रोतमा नै प्रकृति अनुसार छुट्याउने व्यवस्था मिलाउन वडा समितिहरूलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

७. जैविक फोहोरहरूलाई घरबाटै कम्पोष्ट मल बनाउने प्रविधिको लागि आवश्यक तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८. फोहोरमैला प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

९. नगर क्षेत्रमा उत्सर्जन हुने फोहोरमैलालाई सार्वजनिक निजी साझेदारीको माध्ययमद्धारा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. सूर्योदय नगरपालिका पर्यटकीय नगरपालिका र खुला दिशामुक्त क्षेत्र घोषणा भईसकेकोले सार्वजनिक स्थलहरूमा स्थानीय समुदायबाटै व्यवस्थापन हुने गरी शौचालयहरू निर्माण गर्ने नीति लिइनेछ ।

११. घोडचढी व्यवसाय र पशुपालन व्यवसायलाई व्यवस्थित गर्ने गराउने नीतिलाई निरन्तरता दिइनेछ।

१२. सूर्योदय नगरपालिकामा रहेका र निर्माण हुने ढलहरूलाई मापदण्ड अनुसार उचित व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१३. दिसाजन्य लेदो पदार्थ व्यवस्थापनलाई कार्यविधि बनाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।

१४. नगरपालिकामा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन तथा विसर्जनका लागि दिगो तथा वैज्ञानिक तवरबाट विसर्जन गर्न स्यानिटरी ल्याण्डफिल्ड साइटको व्यवस्था गर्न उपर्युक्त स्थलको पहिचान तथा प्रबन्ध गरी विस्तृत परियोजना प्रस्ताव तयार गरिनेछ ।

१५. मदिराजन्य उद्योगबाट उत्पादित मदिराजन्य वस्तुबाट नगरक्षेत्रमा उत्सर्जन हुने सिसाजन्य फोहोरमैलालाई व्यवस्थापन गर्न सम्बन्धित मदिरा उद्योग वा उक्त उद्योगका नगर क्षेत्रमा रहेका आधिकारिक विक्रेताहरूलाई व्यवस्थापनका लागि जिम्मेवार बनाउने नीति लिइनेछ ।

१६. सूर्योदय नगरपालिका क्षेत्रभित्रका मुख्य पर्यटकीय क्षेत्रमा घुम्ति शौचालयको प्रबन्ध गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

## ग) विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

१. भौतिक पूर्वाधारहरूको निर्माण गर्दा विपद् जोखीम न्यूनीकरणलाई प्राथमिकतामा राखी गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

२. नगर क्षेत्रभित्र जलवायु परिवर्तनबाट हुने प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरूको समन्वयमा कार्यक्रम सञ्चालन गर्दै लगिनेछ । यसका लागि संघ, प्रदेश र सम्बन्धित सरोकारवालाहरूको सहयोग जुटाउने नीति अवलम्बन गरिनेछ ।

३. विपद् बाट हुने जनधनको क्षती न्यूनीकरण गर्न नगरपालिकाको विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्यवन गरिनेछ।

४. समय समयमा हुने प्राकृतिक विपद्बाट जोगिन नगरवासीहरूलाई जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभका क्षेत्रमा कार्य गर्ने वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई क्रियाशील तुल्याई विपद् व्यवस्थापन कोषको परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

### क) नीति, कानून, न्याय तथा सुशासन

***" सुशासनको विस्तार न्याय सम्पादनको आधार "***

१. विवादको निरुपण मेलमिलापको माध्यमबाट सम्पादन गरिनेछ ।

२. चौध वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरी भौतिक सुविधा सम्पन्न बनाउन आवश्यक पहल गरिनेछ।

३. न्यायिक साक्षरता कार्यक्रम सवै वडामा विस्तार गरिनेछ ।

४. न्यायिक समितिको सचिवालयमा आवश्यक कानूनी पुस्तकको ब्यावस्थापन गरी न्यायिक निरुपणको अभिलेख प्रक्रियामा सुधार ल्याईने छ ।

५. छिटो छरितो सेवा प्रवाहलाई आत्मा साथ गरी न्यायिक प्रक्रियाको अभिलेख र सूचनालाई प्रविधि मैत्रि बनाउदै लगिने छ ।

६. वडा-वडामा विवाद ब्यावस्थापन गर्न कम सङख्यामा मेलमिलाप कर्ता भएका वडामा थप मेलमिलाप कर्ता उत्पादन प्रक्रिया अवलम्वन गरिनेछ ।

७. न्यायमा जनताको पहुँचलाई समानताको आधार बनाई न्याय सम्पादन कार्यलाई विस्तार गरिनेछ ।

८. १०० जना मेलमिलाप कर्ताको लागि पुनर्ताजगी तालिम सन्चालन गरिनेछ ।

९. सम्बन्धित वडाका विवाद सोहि वडामानै मेलमिलाप कर्तावाट निरुपण गर्ने ब्यावस्था मिलाईने छ ।

१०. कानूनी परामर्श ब्यावस्थापनका लागि कानून ब्यावसायिको सेवा विस्तार गरी वडा-वडा सम्म पुऱ्याउन आवश्यक ब्यावस्था मिलाईने छ ।

११. नगरस्तरीय विवाद निरुपणका लागि नगरपालिकामा एक नगरस्तरीय मेलमिलाप समिति निर्माण गरिनेछ।

१२. उत्कृष्ट न्याय सम्पादन गरेका अन्य पालिकाहरूको अभ्यासलाई अनुशरण गर्न आपसी अनुभव साटासाट कार्यक्रम कार्यान्वयनमा ल्याईने छ ।

१३. न्याय सम्पादन तथा निरुपण पश्चात् सोको अनुगमन तथा निरीक्षण गर्न न्यायिक समितिलाई सक्रिय वनाईनेछ ।

१४. मेलमिलाप कर्तालाई न्याय सम्पादनका लागि आवश्यक श्रोत तथा साधनको ब्यावस्थापन गरिनेछ ।

१५. उत्कृष्ट मेलमिलापकर्ता पुरस्कृत कार्यक्रम सञ्चालन गरिनेछ ।

### ख) सङ्गठन तथा क्षमता विकास, जनशक्ती व्यवस्थापन र सेवा प्रवाह

**"सुदृढ संस्थागत क्षमता, सेवा प्रवाहमा पारदर्शीता र चुस्तता"**

१. नगरपालिकालाई आवश्यक पर्ने ऐन,नियम,निर्देशिका,कार्यविधि,मापदण्ड निर्माण र संशोधन गरी कार्यान्वयन गर्ने नीति ल्याइनेछ ।

२. सेवा प्रवाह गर्ने नगर कार्यपालिकाको कार्यालय, वडा समितिहरू र बिषयगत शाखाहरूमा आवश्यक स्रोत र साधनको व्यवस्था गरी नवीनतम प्रविधिको उपयोग गर्दै सेवा प्रवाह गरी प्रवाह हुने सेवाहरूलाई थप सहज, सरल, पारदर्शी र सेवामुखी बनाउँदै लैजाने नीति लिइनेछ ।

३. नगरपालिकामा कार्यरत कर्मचारी तथा शिक्षकहरूलाई कामको मूल्याङ्कन गरी पुरस्कार र दण्डित गर्ने नीति अवलम्बन गरिनेछ।

४. जनताको गुनासो सम्बोधन गर्न स्थानीय एफ.एम. रेडियोबाट नगरका गतिविधीहरू प्रशारण हुने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

५. स्थानीय सरकारलाई जनताप्रति जवाफदेही, पारदर्शी तथा उत्तरदायी बनाउन नगरका महत्वपूर्ण बैठकहरूलाई फेसबुक, डिजिटल डिस्प्ले, युट्युब लगायतका माध्यमबाट प्रत्यक्ष प्रशारण गर्ने र निर्णयहरू नियमित रुपमा सार्वजनिकीकरण गर्ने नीति लिइनेछ।

६. नागरिक बडापत्रलाई समयानुकूल अध्यावधिक गरी स्तरीय बनाउन Digital प्रविधिको प्रयोग गरिनेछ।

७. नगरबाट प्रवाह हुने सेवाहरूलाई सरल, सुलभ र सहज तुल्याउनको लागि सेवाग्राहीहरूलाई सहयोग गर्न सेवाग्राही विश्राम/सहायता कक्ष स्थापना र सञ्चालन गर्ने नीति लिइनेछ।

८. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति मार्फत सार्वजनिक प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ।

९. नगरपालिकाको क्षमता विकास योजना बनाई आवश्यकताको आधारमा तालिम, अभिमुखीकरण लगायतका कार्यक्रमहरूलाई नियमित रुपमा कार्यान्वयन गरिनेछ।

१०. प्रशासनिक संयन्त्रलाई सेवा प्रवाहप्रति प्रतिबद्ध एवम् थप उत्प्रेरणायुक्त तुल्याउनको लागि कर्मचारी प्रोत्साहनको नीति अबलम्वन गरिनेछ।

११. सेवा प्रवाह तथा विकास व्यवस्थापनमा संघ, प्रदेश र अन्य पालिकाहरूका असल अभ्यास तथा संस्कृतिलाई अवलम्वन गर्दै जाने नीति लिइनेछ।

१२. सेवा प्रवाह र विकास व्यवस्थापनलाई पारदर्शी, जनमुखी, उत्तरदायी र गुणस्तरीय बनाउन नागरिक समाज लगायत बहुसरोकारवालाहरूको समन्वय र सहकार्य मार्फत निगरानी बढाइनेछ। सेवाग्राही सन्तुष्टि सर्वेक्षणबाट पृष्ठपोषण लिई सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रविधिमैत्री बनाइनेछ।

१३. नगरपालिकाका महत्वपूर्ण निर्णय, सूचनाहरूलाई नगरपालिकाको आधिकारिक वेबसाइट तथा मोबाइल एप तथा नियमित बुलेटिन मार्फत सार्वजनिक गरिनेछ र सार्वजानिक सुनुवाई, सार्वजानिक परीक्षण, गुनासो चौतारी, सामाजिक परीक्षण जस्ता सार्वजानिक जवाफदेहिता अभिवृद्धि सम्बन्धी औजारहरूको अभ्यासलाई प्राथमिकता दिइनेछ।

१४. ट्राफिक व्यवस्थालाई सहज, सरल बनाउँदै सम्भावित सडक दुर्घटनालाई न्यूनीकरण गर्नका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ। साथै सार्वजनिक सवारी पार्किङ्ग व्यवस्थापन गर्ने नीति लिइनेछ।

१५. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने यात्रुवाहक सवारी साधनहरूको भाडादर दूरीका आधारमा सम्बन्धित सरोकारवालाहरूको समेत सहयोग र समन्वयमा निर्धारण गर्ने नीति लिइनेछ। नगर क्षेत्रभित्र सञ्चालन हुने तिनपाङ्ग्रे सवारी साधनहरूलाई उचित व्यवस्थापन र नियमन गर्ने नीति लिइनेछ।

१६. सूर्योदय नगरपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा रहनसहन, संस्कृति, भूगोल, जलवायु, उत्पादन तथा अन्य कुनै पनि विषयहरूमा आधारित भए भगिनी सम्बन्ध स्थापित गर्ने नीति रहनेछ ।

१७. सूर्योदय नगरपालिकाभित्र उत्कृष्ट सामाजिक संघसंस्था, समाजसेवी, जग्गादाता, करदाता, सुरक्षा निकाय, पत्रकारिता, साहित्य, कला, संगीत, साना लघु उद्योगहरू, उपभोक्ता समिति, विद्यालय, विद्यार्थी, कर्मचारी, शिक्षक, खेलाडी जस्ता क्षेत्रहरूलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरी उत्प्रेरणा जगाउने नीति अवलम्बन गरिनेछ ।

१८. नगर क्षेत्र भित्र रहेका हाट बजारमा नगर बाहिर तथा भित्र रहेका व्यवसायीहरूलाई अनिवार्य रुपमा करको दायरामा ल्याइनेछ ।

१९. सूर्योदय नगर क्षेत्रभित्र रहेका हाट बजारहरूलाई व्यवस्थित गर्दै लगिनेछ ।

२०. नगरपालिकाका शाखा प्रमुख, वडा सचिव तथा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्य सम्पादन सम्झौता गरी सो को मूल्यांकनको नतिजालाई कर्मचारी तथा शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गरी कर्मचारी/ शिक्षकको वढुवा, स्तरवृद्धि, प्रोत्साहन, पुरस्कार प्रदान तथा दण्डित गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ । मानव संसाधनलाई समयानुकूल दक्ष र क्षमतावान बनाउन आन्तरिक एवं बाह्य सहयोगका आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

२१. सूर्योदय नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको मूल्यांकन गरी क्रमश सुधार गर्दै लगिनेछ ।

२२. उपभोक्ता हित संरक्षणलाई ध्यानमा राखेर अनुचित कृषि उत्पादन क्रियाकलाप तथा व्यापारिक गतिविधिबाट उपभोक्तामा हुने शोषणको अन्त्य गर्ने नीति अवलम्बन गरिनेछ ।

२३. नगरका विपन्न वर्गको उत्थानमा नगर विकासका गतिविधिहरू केन्द्रित गर्ने नीति लिइनेछ । विपन्नता स्तरीकरण मापन (DAG Mapping) मार्फत पहिचान भएका विपन्न घरधुरीलाई लक्षित गरी आयमूलक, सीपमूलक तथा स्वरोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ ।

२४. विद्यमान कानूनी व्यवस्था र जनअपेक्षा समेतका आधारमा कर्मचारीले पालना गर्नुपर्ने मानवीय मूल्य र नैतिक मूल्यसूची सहितको मूल्य ढाँचा निर्धारण गरिनेछ । सेवा प्रवाहको थप प्रभावकारीताका लागि आन्तरिक सुशासन व्यवस्थापनलाई क्रियाशील बनाइनेछ।

२५. कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र संघीय तथा प्रदेश सरकारको नीतिलाई समेत आधार मानी गरिनेछ । करारमा लिइएका कर्मचारीहरूको योग्यता, क्षमता र नगरपालिकाको आवश्यकताका आधारमा सेवाको निरन्तरता दिइनेछ । कर्मचारीहरूलाई उच्च मनोबलका साथ काम गर्न सक्ने वातावरणको सिर्जना गरिनेछ।

२६. सूर्तीजन्य पदार्थ तथा गुट्खा उत्पादन, विक्री वितरणमा कडाईका साथ नियमन गरिनेछ । अस्वस्थकर खानेकुरा उत्पादन र विक्री वितरणलाई निरुत्साहित गर्दै लगिनेछ ।

२७. स्रोत परिचालन र सामाजिक मुद्दाहरूमा अपेक्षित परिणामको सुनिश्चितताको लागि निजी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।

२८. अन्तर सम्वन्धित सरोकारको विषयहरूमा संघ, प्रदेश र अन्य पालिका तथा जिल्ला समन्वय समितिसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ ।

२९. गैर सरकारी संस्था नियमन सम्बन्धी ऐन नियम निर्माण गर्ने नीति लिइनेछ ।

३०. गैरसरकारी संस्थाले नगरपालिकाको नीति कार्यक्रममा सहयोग पुऱ्याउने खालका कार्यक्रम मात्र सञ्चालन गर्न स्वीकृति दिने नीति अवलम्बन गरिनेछ ।

३१. गैर सरकारी संस्थालाई विकासका साझेदारको रुपमा व्यवहार गर्ने नीति अवलम्बन गरिनेछ।

## ग) राजश्व तथा स्रोत परिचालन

## " वित्तीय अनुशासन सुर्योदयको पहिचान "

१. सबै प्रकारको आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई करको दायरालाई फराकिलो बनाउदै लगिनेछ ।

२. स्थानीय कर सेवा शुल्क तथा दस्तुर संकलन देयक्षमतामा (Ability to pay) आधारित बनाउन सरोकारवालासँग छलफल र परामर्श गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३. करदाता पहिचानको लागि करदाता परिचय पत्रको शुरुवात भएकोमा आ.व.२०७९/२०८० वाट सवै वडामा विस्तार गरिनेछ ।

४. कर प्रशासनलाई ब्यावसायिक र प्रभावकारी तुल्याउदै कर सङ्कलन लागत र कर परिपालना लागतमा न्यूनीकरण गर्नका लागि राजश्व प्रशासनलाई विनियोजन दक्षता, कार्य कुशलता र वित्तीय अनुशासन कायम गरी प्रविधिमैत्री बनाईनेछ ।

५. नगरलाई आम्दानी दिने विकास योजनालाई दिगोपनाका लागि लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

६. राजश्व असुलीमा सक्षम रहेका नमूनायोग्य पालिकाहरूको अनुभव साटासाट र सहकार्यको नीति लिइनेछ।

७. देशको तरल आर्थिक अवस्था र न्यून आर्थिक गतिविधिवाट नागरिकमा परेको असरलाई ध्यान दिदै सबै करदातालाई करदाताले तिर्न बाँकी कर, दस्तुर तथा शुल्कमा लाग्ने जरिवानामा छुट र अन्य छुट सम्बन्धी व्यवस्था आर्थिक विधेयक मार्फत प्रस्ताव गरिनेछ।

८. करका दरको निर्धारण गर्दा कर नीति, सामाजिक मान्यता र नगरको वस्तुस्थितिलाई अध्ययन गरी छिमेकी पालिकाको असल अभ्यस र अनुभवलाई समेत अवलम्बन गरिनेछ ।

९. कानून बमोजिम नगरपालिकालाई बुझाउनु पर्ने कर, दस्तुर तथा शुल्क जस्ता दायित्व रहेका करदाताहरूलाई कानून बमोजिम बुझाउनु पर्ने कर, शुल्क तथा दस्तुर नबुझाएमा दण्ड जरिवाना समेत लगाइनेछ ।

१०. नियमित रुपले नगरपालिकालाई सबै भन्दा धेरै कर बुझाउने एक जना करदातालाई बार्षिक रुपमा सम्मान गरिनेछ ।

११. सबैभन्दा वढी कर संकलन गर्ने वडालाई पुरस्कार स्वरुप वडाकै निर्णयमा खर्च गर्ने गरी पुँजीगत कार्यक्रममा वजेट मार्फत पुरस्कृत गरिनेछ।

१२. नगरपालिकाको आन्तरिक श्रोत (कर, राजश्व र गैह्र कर राजश्व) लाई नगरकै पूँजीगत विकासमा लगानी गर्ने नीति लिईनेछ।

१३. प्रत्येक व्यक्ति वा संस्थाले नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने सबै प्रकारका करहरूलाई एक अर्कासँग आबद्ध गरी सेवा प्रवाहसँग आबद्धता गरिनेछ। नगरपालिकालाई कुनै पनि किसिमको राजश्व रकम तिर्न बुझाउन बाँकी भएमा उक्त रकम नबुझाउन्जेलसम्म नगरपालिकावाट पाउने सेवा सुविधा स्थगित राख्ने नीति अवलम्बन गरिनेछ।

१४. घरनक्शा पासलाई अनिवार्य गराई अभिलेखीकरण कार्यलाई क्रमशः न्यूनीकरण गर्न करको दरमा थपघट गर्ने नीति लिइनेछ।

१५. उत्पादनमूलक उद्योग तथा व्यवसायको संरक्षण र निर्यात प्रवर्द्धनमा सहजीकरण हुने गरी कर प्रणालीलाई लगानी तथा व्यवसायीमैत्री बनाइनेछ।

१६. कर संरचना र करको दरमा सामयिक सुधार गरी कर प्रणालीलाई थप प्रगतिशिल र समन्यायिक बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्दै पूर्वाधार र सेवाको क्षेत्रमा नीति साझेदारी अभिवृद्धि गर्ने नीति लिइनेछ।

१७. कर प्रशासनलाई व्यवस्थित बनाउन करदाता शिक्षा कार्यान्वयन गरिनेछ।

## घ) तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन

१) सूर्योदय नगरपालिकालाई सूचना प्रविधिमैत्री नगरको रुपमा विकास गरिनेछ र नगरको विविध क्षेत्रको वास्तविक खण्डिकृत तथ्याङ्क एवम् अभिलेखको संरक्षण, व्यवस्थापन गर्न नगरपालिकामा नगर सूचना तथा अभिलेख केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ साथै विद्युतीय पुस्तकालय(E-Library) को कार्य आरम्भ गरिनेछ।

२) आयोजना तथा कार्यक्रमहरूलाई गुणस्तरीय रुपमा स्वीकृत लगत इस्टिमेट, नर्म्स, डिजाइन र स्पेशिफिकेसन बमोजिम निर्धारित समयमा गुणस्तरीय रुपमा सञ्चालन/कार्यान्वयन गर्न आयोजना तथा कार्यक्रमको अनुगमन प्रणालीलाई प्रविधिमा आधारित बनाइनेछ।

३) स्वीकृत खरिद योजना बमोजिम निर्माण सामग्री खरिद गर्नुपर्ने भई उपभोक्ताको लागत सहभागिता नगद नै रकम नगरपालिकामा जम्मा गर्नेका हकमा उपलब्ध गराइने पेश्की बाहेक अन्य पेश्की दिने कार्यलाई निरुत्साहित गरी प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिइने नीति अवलम्बन गरिनेछ।

४) कूल लागत ५ लाख वा सोभन्दा माथिको प्रत्येक पूर्वाधार तर्फका आयोजनामा अनिवार्य आयोजना सूचना पाटी (Project Information Board) आयोजना स्थलमा राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

५) भौतिक पूर्वाधार विकास अन्तर्गत वडास्तरमा तीन लाख र नगरस्तरमा दश लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्ने नीति लिइनेछ। साथै सो आयोजनाहरू बालमैत्री, अपाङ्गमैत्री, Universal

Accessibility, वातावरणमैत्री र विपद् जोखिम संवेदनशीलता (Disaster Risk Resilience) लाई ध्यानमा राखी गर्दै लगिनेछ।

६) पूर्वाधार सम्बन्धी नगरस्तरीय गौरवका आयोजनाहरू, पार्क, उद्यान, ऐतिहासिक महत्त्वका सडक, सम्पदा, रंगशाला, कबर्ड हल, बहुउद्देश्यीय कम्प्लेक्स, भ्यू टावर, हाटबजार पूर्वाधार, Solid Waste Management System, नगर सभागृह, पशुपंक्षी बधशाला, जलाधार संरक्षण लगायत आयोजनाहरूको संघीय, प्रदेश, विभिन्न वित्तीय संस्थासंग समन्वय र सहकार्य गरी तय भएका सम्भाव्यता अध्ययनको प्राथमिकताको आधारमा निर्माण गर्दै लगिनेछ।

***